# दलित बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र संकाय स्नातकोत्तर तहको "पाठ्यक्रम तथा मूल्यांकन"

विषयको आंशिक आवश्यकता परिपूर्तिको लागि

तयार पारिएको

शोधपत्र

प्रस्तुतकर्ता

नारायण प्रसाद बास्तोला

क्याम्पस रोल्नं. : ६३/०६४

परिक्षा रोल्नं. : २१८००३५/०६६

त्रि.वि. दर्ता नं. : ३५४७८/९०

जनता बहुमुखी क्याम्पस

ईटहरी, सुनसरी

२०६८

## सिफारिस-पत्र

त्रिभुवन विशवविद्यालय शिक्षा शास्त्र संकाय अर्न्तगत पाठ्यक्रम तथा मूल्याङ्कन विभागको स्नातकोत्तर तह द्धितिय बर्षका विद्यार्थी नारायणप्रसाद बास्तोलाले “दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच'' नामक शीर्षकको शोधपत्र मेरो सल्लाह, सुझाव र सुपरिवेक्षणमा तयार पार्नु भएको हो उक्त शोधपत्र निजको आफ्नो स्वतन्त्र अध्ययन हो । वहाँले वडो मेहनत साथ तयार पार्नु भएको यस शोधपत्रबाट म पूर्णतः सन्तुष्ट भएकोले आवश्यक मुल्याङ्कनका लागि सिफारिस गर्दछु ।

........................................

टोलनाथ काफ्ले

शोध निर्देशक

मितिः २०६८/१०/१४

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी

## स्वीकृति पत्र

त्रिभुवन विशवविद्यालय शिक्षाशास्त्र संकाय अर्न्तगत पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तह द्धितिय बर्षको आवश्यकता परिपूर्तिका लागि शोधार्थी नारायणप्रसाद बास्तोलाले प्रस्तुत गर्नुभएको "दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच'' नामक शोधपत्रको मूल्याङ्कन गरी स्वीकृत गरियो ।

**मूल्याङ्कन समितिः-**

१. श्री टोलनाथ काफ्ले ....................................

(विभागिय प्रमुख)

२. टोलनाथ काफ्ले ...................................

(शोध निर्देशक)

३. श्री ................................. ...................................

बाह्य सुपरिवेक्षक

..................................

मितिः २०६८/१०/

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रम तथा मुल्याकंन विषयको आंशिक आवश्यकता परिपूर्तिको लागि प्रस्तुत शोधपत्र तयार पारिएको हो । उक्त शोधपत्र “दलित बालबालिकाको प्राथमिक शिक्षामा पहुँच” विषयमा अध्ययन गरी प्रतिवेदन तयार गरएको हो ।

विशेष गरी यो अध्ययन प्रतिवेदन तयार लागि शोधपत्रको शीर्षक चयन, प्रस्तावना लेखन अध्ययन प्रतिवेदन तयारी लगायतका कार्यहरुमा आवश्यक  निर्देशक, सल्लाह र सुझाव उपलब्ध गराई मार्ग निर्देशन गर्नुहुने जनता बहुमुखी क्याम्पस ईटहरी पाठ्यक्रम तथा मुल्यांकनका विभागिय प्रमुख तथा शोध निर्देशक श्री टोलनाथ काफ्ले प्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यसैगरी यस शोधपत्र तयारीका क्रममा आवश्यक महत्वपुर्ण सल्लाह, सुझाव एंव सहयोग प्रदान गर्नुहुने उप प्राध्यापक श्री राजन शर्मा र श्री शान्तिराम दाहाल ज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

मलाई यस अध्ययनका लागी तथ्याङ्क उपलब्ध गराउन हरतरहले सहयोग पुऱ्याउनुहुने श्री हर्कपुर उ.मा.वि. हर्कपुर, श्री शिवदुती नि.मा.वि. राघवपुर, श्री स्वर्णान्तराल नि.मा.नि. टोक्सेल ओखलढुङ्गाक, श्री शहिद स्मृति प्रा.वि. र श्री कालिका प्रा.वि. भालुखोलाका प्र.अ, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापनका पदाधिकारी, स्रोत व्यक्ति र अन्य संस्थाका महानुभाव एंव अभिभावक ज्यूहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी मलाई यस कार्यमा  प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्नुहुने सहपाठी साथीहरुलाई पनि विशेष धन्यवाद व्यक्त गर्दछु ।  अन्त्यमा कम्प्युटर सम्बन्धि आवश्यक सहयोग गर्नुहुने लोटस कम्प्युटर इटहरीका भाई बिनोद निरौला र बहिनी शान्ता पोखरेललाइ पनि विशेष धन्यवाद दिन चाहन्छु ।

नारायणप्रसाद बास्तोला

# शोधसार

पाँच परिच्छेदको ढाँचामा आवद्ध प्रस्तुत शोधपत्र "दलित बालबालिकाको प्राथमिक शिक्षामा पहुँच" शीर्षकमा केन्द्रित छ । यो शोधपत्र ओखलढुङ्गा जिल्लाका टोक्सेल गा.वि.स.अन्तर्गत संचालित ५ ओटा सामुदायिक विद्यालयको प्राथमिक तह (कक्षा १-५) सम्म आधारमानी अध्ययन गरीएको थियो । जसमा दलित र गैरदलित बालबालिकाको भर्ना स्थिति, उत्तीर्णदर, कक्षा दोहोऱ्याउनेदर, कक्षा छोड्नेदर लगायत शैक्षिक उपलब्धिमा दलित बालबालिकाको पहुँच नहुने कारणहरु, समाधानका लागि उपायहरु जस्ता उद्देश्यमा आधारित रहि खोज कार्य गरिएको थियो । यसको प्रथम परिच्छेदमा परिचय, द्वितीय परिच्छेदमा पूर्वकार्यको समिक्षा (सैद्धान्तिक साहित्यको खाँका र सम्बन्धित साहित्यको पुनरावलोकन), तृतीय परिच्छेद अध्ययन विधि, चौथो परिच्छेदमा तथ्याङ्कको ब्याख्या, विश्लेषण तथा प्रस्तुतीकरण र पाँचौं परिच्छेदमा प्राप्ति, निष्कर्ष र सुझावहरु समेटिएको यो अध्ययन सर्वेक्षण विधिमा आधारित भएको हुनाले परिमाणात्मक र गुणात्मक तथा विश्लेषणात्मक प्रकृतिको रहेको छ । उदेश्य हासिल गर्ने हिसाबले यस शोधकार्यमा विद्यार्थीहरुको तथ्याङ्क संकलन,फारम भर्ना उपस्थिति, रुजुसुची तथा शिक्षक र प्र.अ. सँग प्रश्नावली, अर्न्तवार्ता निर्देशिका र दलित अभिभावकसँग प्रश्नावली निर्माण एंव प्रयोग गरी प्राथमिक तथा सहायक श्रोतका माध्यमबाट सुचना संकलन गरिएको थियो । (स्रोत : स्थलगत सर्वेक्षण २०६८)

अध्ययन क्षेत्रमा प्राप्त तथ्याङ्क अनुसार जम्मा बालबालिकाको संख्या ४३१ जना छ । जसमा ३७१ जना गैरदलित र ६० जना दलित छन् । जुन सम्पूर्ण संख्याको दलित (१४%) हुन्छ भने गैरदलित ( .८६%) हुन्छ । दलित ६० जना मध्ये २३ छात्रा छन् जुन दलित मात्रमा (३८.३३%) छन् भने दलितको मात्र छात्र ३७ जना अर्थात ६१.६६% छ जसमध्ये ६ जना (१०%) ले बिचैमा कक्षा छाडेका छन् भने ११ जना (१८%) ले कक्षा दोहोऱ्याएको छन् भने बाँकी ४३ जना अर्थात ७१.६६% ले कक्षा उत्तीर्ण गरेका छन् । अध्ययन क्षेत्रकै गैरदलित विद्यार्थी तर्फ हेर्दा जम्मा ३७१ जना बालबालिकामध्ये छात्रा १८४ जना (४९.५९%) छ भने छात्रको जम्मा संख्या १८४ (५०.४०%) छ जसमा उत्तीर्ण हुनेको संख्या २९३ जना (

७८.९७%) छ जुन दलितको तुलनामा (७.३१%) ले बढी छ अर्को तर्फ गैरदलितको कक्षा छाड्ने संख्या ३८ जना (१०.२४%) छ भने कक्षा दोह्रोऱ्याउने ५० जना (१०.७८%) छ जुन गैरदलितको तुलनामा क्रमश कक्षा छोड्ने र दोहोऱ्याउने दुवैमा दलितको प्रतिशत बढि देखिन्छ ।

यसैगरि विद्यालयमा गैरदलित विद्यार्थीको तुलनामा दलित विद्यार्थीको नियमिततामा कमी, सरसफाइमा कमी, कक्षामा पछाडि बस्ने, कक्षाकार्य कम गर्ने, जातीय भेदभावको संकेत सामान्यतया सबै विद्यालयमा देखियो । दलित बालबालिका विद्यालय कम आउनुमा गरिवीको कारण, अर्काको काम गर्नुपर्ने बाध्यता, पेशागत बाध्यता, घरको वातावरण शिक्षाको दष्टिकोणले अनुकुल नहुनु, दलित अभिभावहरुमा चेतनाको कमीको काराणले आफ्ना छोराछोरीलाई विद्यालय नपठाउनु, परीक्षामा कम उत्तीर्ण हुनु , कक्षा दोहोऱ्याउनु र छाड्ने प्रतिशत बढी दखिनु दलित स्वमंले आफुलाइृ तल्लो वर्गको ठान्नु जस्ता पक्षहरु रहेका छन् ।

उपयुक्त समस्याहरु समाधानको लागि, जनचेतनामूलक कार्यक्रम पाठ्यपुस्तक समयमा उपलब्धता गराउनुपर्ने, साक्षरता कार्यक्रम, आर्थिक अवस्थाहरु, छात्रवृत्ति एंव प्रदान प्रोत्साहन जस्ता कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।

# बिषयसूची


| | पेज नं. |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| कृतज्ञता ज्ञापन | III |
| शोधसार | IV |
| विषय सुची | VI |
| तालिका सुची, रेखा चित्र/चित्र सुची | IX |
| **परिच्छेद १** | १ |
| १. परिचय | १-६ |
| १.१ पृष्ठभूमि | १-३ |
| १.२ समस्याको कथन | ४-५ |
| १.३ अध्ययनको औचित्य | ५-६ |
| १.४ अध्ययनको उद्देश्य | ६ |
| १.५ अध्ययनको परिसिमा | ६ |
| १.६ शब्दावलीहरुको परिभाषा | ६ |

| | |
|---|---|
| **परिच्छेद २** | ७ |
| २. पूर्व कार्यको समीक्षा | ७-१० |
| **परिच्छेद ३** | ११ |
| ३. अध्ययनको विधि | ११-१५ |
| ३.१ अध्ययनको ढाँचा | ११ |
| ३.२ अध्ययनको जनसंख्या | ११ |
| ३.३ नमूना र नमूना छनौट विधि | ११-१२ |
| ३.४ तथ्याङ्क संकलनकाका स्रोतहरु | १३ |
| ३.५ तथ्यांक संकलनका साधनहरु | १३ |
| ३.६ साधनको वैधता निर्धारण | १४ |
| ३.७ तथ्यांक संकलन प्रकृया | १४ |
| ३.८ तथ्यांकको व्याख्या र विश्लेषण | १४ |
| ३.९. अध्ययनको रणनिती | १५ |
| **परिच्छेद ४** | १६ |
| ४. तथ्याङ्कको व्याख्या, विश्लेषण तथा प्रस्तुतीकरण | १६-३४ |
| **परिच्छेद ५** | ३५-३९ |
| ५.१ प्राप्ति | ३५ |
| ५.२ निष्कर्ष | ३७ |

५.३ सुझावहरु ३८

सन्दर्भसामग्री

अनुसूचीहरु

## तालिकासूची

१. अध्ययन क्षेत्र अन्तर्गतका विद्यालयको दलित विद्यार्थी भर्ना विवरण १६

२. दलित र गैर दलित छात्रछात्राहरुको उपस्थिति विवरण १८

३. अध्ययन क्षेत्रको कक्षा चढने गैर दलित विद्यार्थी संख्या र प्रतिशत विवरण १९

४. अध्ययन क्षेत्रका दलित छात्रछात्राहरुको कक्षा छाडने संख्या र प्रतिशत २३

## रेखाचित्र/वृत्तचित्र

१. अध्ययन क्षेत्रका गैर दलित विद्यार्थी भर्ना विवरण १७

२. अध्ययन क्षेत्रका कक्षा चढने गैर दलित विद्यार्थी संख्या र प्रतिशत विवरण २०

३. अध्ययन क्षेत्रका कक्षागत कक्षा चढने दर २१

४. अध्ययन क्षेत्रका दलित छात्रछात्राहरुको कक्षा दोहोऱ्याउने संख्या र प्रतिशत २२

५. अध्ययन क्षेत्रका गैर दलित छात्रछात्राहरुको कक्षा दोहोऱ्याउने प्रतिशत २४

६. अध्ययन क्षेत्रका गैर दलित छात्रछात्राहरुको कक्षा छाडने दर र प्रतिशत २५

७. समग्र अध्ययन क्षेत्रका विद्यालयमा दलित तथा गैर दलित छात्रछात्राहरुको कक्षा छाड्ने, दोहोऱ्याउने र कक्षा उत्तीर्ण विद्यालयगत विवरण २६

# परिच्छेद- एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

संसारमा भएका जीव विकासक्रममा मानव जाति बर्षौंदेखि पृथ्वीमा बसोवास गर्दै आएको छ । मानव समुदायको प्रारम्भिक इतिहास पूर्ण तथ्य र विस्तृत वर्णनका साथ अगाडि ल्याउन कठिन कुरा हो, तापनि विभिन्न अनुसन्धानका आधारहरुमा ब्रम्हाण्डबाट पृथ्वीको उत्पति पश्चात् लाखौं बर्ष पछि पृथ्वीमा मानवको उत्पति भएका कुराहरुको बारेमा विद्धानहरुले जानकारी दिएका छन । मानव समुदाय आज जुन स्थितिमा विद्यमान छ । अथवा मानौ कि मानवले आज जुन संसारिक सुख दुःख उपयोग गरिरहेको छ । यो स्थिति उसको उत्पति कालमा थिएन मात्र होइन आम मानवले कल्पना गरेभन्दा बाहिरका कुराहरु विज्ञानको चमत्कारबाट आविष्कार भएका छन । बैज्ञानिकहरुले विशाल संसारलाई आफ्ना चमत्कारी अनुसन्धानका आधारहरुबाट सानो आकार बनाई दिएका छन । (डा. कार्की - २०६८ असार)

मानव विकासको क्रमसँगै कुनै न कुनै रुपमा शिक्षाको विकास भएको मानिन्छ । मानव सभ्यताको सुरुवात सँगसँगै शिक्षाको पनि विकास भएको मानिन्छ । मानिसले विभिन्न युगहरु, कालहरु र परिस्थितिहरु पार गर्दै आजको विकसित आधुनिक युगमा प्रवेश गरेको छ भने शिक्षाले पनि ठीक त्यसैगरी विभिन्न युगहरु, कालहरु र परिस्थितिहरु पार गर्दै आजको विकसित तथा आधुनिक युगमा प्रवेश गरेको छ । ज्ञान आर्जन गर्नुलाई विभिन्न युगमा विभिन्न रुपबाट लिएको पाइन्छ । जस्तैः ढुङ्गेयुगमा खाना प्राप्त गर्ने कलामा शिक्षा केन्द्रित थियो । प्राचीन कालको शिक्षा गुरुकुल शिक्षा प्रणालीमा आधारित थियो । यस शिक्षा प्रणालीमा गुरुको सेवा गर्नु, भिक्षा मागी गुरुलाई खुवाउनु आदि जस्ता कार्यमा शिक्षा सिमित थियो । मोक्ष प्राप्ती गर्न ज्ञान आर्जन गर्नु थियो । मध्ययुगमा धार्मिक संस्कारले शिक्षालाई अधिनस्थ गऱ्यो । यसपछि विश्व समाजमा ठूला-ठूला क्रान्तिहरु भए, मुलुकहरु उपनिवेशबाट मुक्त हुन थाले र धार्मिक आस्थाको तीब्र  विकास सँगसँगै भौतिक विज्ञान र प्रविधिको पनि विकास हुँदै गयो । यसपछि शिक्षाले वैज्ञानिक चिन्तन लिँदै आधुनिक युगमा प्रवेश गऱ्यो र शिक्षालाई व्यक्तिको अन्तर्निहित प्रतिभाको विकास गर्ने र मानवीय आवश्यकताहरु पूर्ति गर्ने

जीवनपर्यन्त प्रक्रियाका रुपमा लिइएको पाइन्छ । प्राचीनकालको शिक्षा अनौपचारिक थियो र बालबालिकाले आफूभन्दा ठूला तथा आमाबाबुबाट आफ्ना आवश्यकता पूरा गर्ने गर्दथें । बाबुले छोरालाई पुरुषले गर्नुपर्ने आचार-संहिता र आमाले छोरीलाई महिलाले गर्नुपर्ने आचार संहिताको ज्ञानसीप दिने परिपाटी थियो । समाजको बढ्दो जटिलताका आवश्यकता अनौपचारिक शिक्षाले पूरा गर्न सकेन जसको फलस्वरुप विस्तारै औपचारिक शिक्षा (विद्यालयीय शिक्षा) को सुरुवात भई आजको अवस्थामा शिक्षा आइपुगको छ । (शर्मा एण्ड शर्मा २०६६)

संयुक्त राष्ट्र संघले शिक्षा मार्फत"सवैका लागि शिक्षा"भन्ने अवधारणा अगि सार्न सन् १९६० मा कराचिमा भएको सम्मेलनबाट आफ्ना सदस्य राष्ट्रहरुलाई शिक्षा बालबालिकाको अधिकारका रुपमा मानिनु पर्ने धारणा ल्यायो । सन् १९९० मा आईपुगे पछि बाल अधिकारकै रुपमा "सवैका लागि शिक्षा" भन्ने नारा सार्वजनिक गरियो । थाईल्याण्डको जम्टिन सम्मेलनले तय गरेको "सवैका लागि शिक्षा" को मुल्यांकन सन् २००० को डकार सम्मेलनले गऱ्यो । गुणस्तरिय शिक्षामा जोड दियो । सन् १९९०मा बाल अधिकार सम्बन्धि घोषणा गऱ्यो । (शर्मा, जनकलाल, २०५८)

सम्मिलित शिक्षा/ सामूहिक शिक्षा/सवैका लागि शिक्षा भन्नु नै समाजमा भएका सवै प्रकारका जात, वर्ण, धर्म, वर्ग, लिङ्ग, सँस्कृती र परम्पराका बालबालिकालाई न्यायपूर्ण रुपबाट शिक्षा दिनुलाई सम्मिलित शिक्षा भनिन्छ । सम्मिलित शिक्षा सामाजिक न्यायको व्यवहारीक पक्षको उदाहरण हो । यसर्थ समाजमा सवै बालबालिकालाई शिक्षाबाट वञ्चित हुन नपरोस भनि सम्मीलित गराउनु नै सम्मिलित शिक्षा हो । सम्मिलित शिक्षा भन्ना साथ सर्वव्यापी, पहुँचयोग्य, समान, अनिवार्य र न्यायपूर्ण शिक्षा भन्ने बुझ्नु पर्छ । (शर्मा, जनकलाल, २०५८)

बालबालिकाहरु अन्तराष्ट्रिय सम्पत्ति हुन् । आजका बालक भोलिका राष्ट्रका कर्णधार मानिन्छन् । वास्तवमा बालबालिकालाई उचित शिक्षा दिएमा जुनसुकै पक्षमा पनि आवश्यक जनशक्तिहरु उत्पादन गर्न सकिन्छ भन्ने सन्दर्भमा थुप्रै थुप्रै अनुसन्धानात्मक पुष्टिहरु भएका छन् । बालसंरक्षण र बालअधिकार सम्बन्धमा सन् १९९० मा संयुक्त राष्ट्रसंघको तत्वावधानमा थाईल्याण्डको जम्टिनमा एसियाली सदस्य राष्ट्रहरुको मन्त्रि स्तरिय सम्मेलनले "प्राथमिक शिक्षा निशुल्क" गर्न सिफारीस गरेको थियो । यस शिखर सम्मेलनले विकासोन्मुख मुलुकहरुको प्राथमिक शिक्षामा जोड दिन "सवैका लागि शिक्षा" भन्ने नारा अगि सारेको थियो । (शर्मा, जनकलाल, २०५८)

नेपालको अन्तरिम संविधान २०६३ ले छुवाछुत तथा जातीय विभेद विरुद्धको हक, शिक्षा तथा संस्कृति सम्बन्धी हक, सामाजिक न्याय सम्बन्धी हक तथा पिछडिएका वर्गको सशक्तिकरणका लागि विशेष व्यवस्था सम्बन्धी हक तथा अधिकारहरु सैद्धान्तिक रुपमा मात्र सीमित छन् त्यसलाई व्यवहारिक जीवनमा लागू गर्न सकिनरहेको वर्तमान परिप्रेक्ष छ । प्रत्येक देशमा सामाजिक न्याय प्रदान गर्न अन्तराष्ट्रिय स्तरमा विभिन्न मुलुकहरु-बीच अन्तराष्ट्रिय सम्मेलनहरु भएका छन, जसमा मानवअधिकार आयोग ऐन २०५३ मा मानव अधिकारलाई व्यक्तिको जीवन स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित पक्षहरु त्था अन्तराष्ट्रिय सन्धि सम्भौतामा उल्लिखित अधिकार सम्भनुपर्छ भनी परिभाषित गरिएको छ । यसरी मानव अधिकार सम्बन्धी कुराहरु उठेतापनि, विभिन्न सम्मेलनहरु भएतापनि कथित दलितहरुको शैक्षिक पहुँच तथा सहभागिता ज्यादै न्यून छ । दलित छात्रवृत्ति कार्यक्रम, निःशुल्क प्राथमिक शिक्षा, उच्च शिक्षामा छात्रवृत्ति कार्यक्रम तथा विशेष कार्यक्रम ल्याएतापनि १०% देखि १६% दलितहरुमात्र साक्षर रहेका छन । जसमध्ये महिला साक्षरता ६ देखि ८ प्रतिशत मात्र छ । (सबैका लागि शिक्षा राष्ट्रिय कार्य योजना २००१-२०१५) ।

नेपालको सन्दर्भमा दलित भनेर क-कसलाई भन्ने र कति थरिका दलित नेपालमा छन् भन्ने सम्बन्धमा राष्ट्रिय दलित आयोगको स्थापना गर्न बनेको विधयक ०५९ का अनुसार विश्वकर्मा, कपाली, दर्जि, खड्गी, दुसाध, खत्वे, धोवी, सार्की, मुसहर, देउला, तप्मा, हलखोर, बादी, कुचे, डुम, पथ्थरकहा, गाईने, बातर, चमार जस्ता १९ जातीलाई दलित मानेको छ । ( राष्ट्रिय दलित आयोग, २०५९)

नेपालमा २००७ सालमा प्रजातन्त्रको स्थापना पछि शिक्षा राज्यको प्रमुख दायित्वको रुपमा परिभाषित हुन पुग्यो । शिक्षाको गुणात्मक विकासको लागि विभिन्न समयमा विभिन्न आयोगहरु गठन भई समयानुसार शिक्षा निति एवम् शैक्षिक कार्यक्रमहरु लागु गरिदै आएको पाइन्छ । यसै सन्दर्भमा राष्ट्रिय शिक्षा आयोग २०४९ ले निर्धारण गरेको शिक्षाका राष्ट्रिय उद्देश्यहरुमा समाजमा पछि परेका व्यक्तिलाई राष्ट्रिय मूलधारमा समाहित गर्न सहयोग गरिने छ भनिएको छ । नेपालको अन्तरिम संविधान २०६३ ले जातपात र छुवाछुत प्रथा हटाउन तथा दलित जातको अवस्था सुधार ल्याउन आरक्षण लगायत सामाजिक सुरक्षाको संवैधानिक व्यवस्था समेत गरेको छ । नेपाल अधिराज्यको संविधान २०४७ मा समेत सबै नागरिक कानुनको दृष्टिमा समान हुने, कसैलाई पनि कानूनको समान संरक्षणबाट बन्चित नगराइने, कुनै पनि कानुनको प्रयोगमा धर्म, वर्ग, लिङ्ग, जात वा वैचारिक आस्थाका आधारमा भेदभाव नगरिने, जातिपातिका आधारमा छुवाछुतको भेदभाव नगरिने तथा सार्वजनिक स्थलमा

उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोग गर्नबाट बञ्चित नगरिने जस्ता संवैधानिक हकहरुको व्यवस्था गरिएको छ । तसर्थ कथित दलित जातिहरुलाई शिक्षा लिनबाट बञ्चित, दलित, उत्पीडित तथा सुविधाविहिन वर्गसम्म उच्च शिक्षाको पहुच पुऱ्याउन सकेको खण्डमा मात्र सन् २००० को सेनेगलको डकार सम्मेलनमा गरिएको प्रतिबद्धता अनुसार सन् २०१५ सम्ममा “सबैका लगि शिक्षा'' पुऱ्याउन सकिन्छ । (राष्ट्रिय मानव अधिकार सम्मेलन, २०५४)

## १.२ समस्याको कथन

विश्व परिवेशमा हेर्दा वर्तमान समयमा पनि नेपाल अशिक्षा, अज्ञानता, गरीबी, रोग, भोक आदिमा पिल्सिएको विश्वका गरीव राष्ट्रहरुको सूचिमा परेको गरीब मुलुकको रुपमा चिनिन्छ । अशिक्षा र आर्थिक दुरावस्थाको कारणले देशमा समानुपातिक विकास हुन सकेको छैन । त्यसमा पनि पिछडिएका, दलित लगायतका सुविधा विमुखहरुको अवस्था दिनानुदिन दयनीय हुँदै गएको छ । सन् २००१ को शैक्षिक तथ्याङ्क अनुसार विद्यालय जाने उमेरका करीब १९% बालबालिकाहरु विद्यालय जान सकेका छैनन् । दलित लगायतका सुविधा विमुखहरुको सन्दर्भमा यो दर ५० प्रतिशत भन्दा कम छ । ( सबैका लागि शिक्षा २००४-२००९ दस्तावेज) सरकारले दलित तथा पिछडिएका समुदायलाई प्राथमिकता दिएतापनि अशिक्षा, गरीबी, अज्ञानता र आवश्यक आधारभूत सुविधाको अभावमा तिनीहरुको अवस्था चिन्ताजनक नै देखिन्छ । तिनीहरुलाई सरकारले शिक्षाको अवसर र अग्रसरता देखाएतापनि वास्तवमा उपभोग गर्न सकेका छैनन् । नेपालको नवौं पञ्चबर्षिय योजना (वि.सं. २०५४-५९) र राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन बर्ष २०४९ ले पनि गरिबीको रेखामुनि रहेका सबै सुविधाविहिनहरुको लागि समानता र समान पहुँचयुक्त गुणात्मक शिक्षा र शैक्षिक व्यवस्थापनमा प्रभावकारी सुधारको नारा सहित सन् १९९२ देखि सन् १९९६ र सन् १९९६ देखि २००२ सम्म क्रमशः आधारभूत प्राथमिक शिक्षा परियोजना पहिलो र दोस्रो चरण सम्पन्न गरिसकेको छ ।
(शिक्षा मान्त्रालय आ.प्रा.शि.प. १९९८) ।

बालक एक सामाजिक प्राणी हो, बालक सामाजिक सदस्य हो, त्यस समाजमा शिक्षा प्राप्त गर्नु बालको जन्मसिद्ध अधिकार हो । प्राकृतिक न्यायको सिद्धान्त अनुसार कसैलाई पनि भेदभाव गर्नु गराउनु हुँदैन, राष्ट्रले “सबैका लागि शिक्षा'' को अन्तराष्ट्रिय सम्मेलन मार्फत सन् २०१५ सम्ममा सबै नागरिकलाई निःशुल्क एवम् अनिवार्य आधारभूत प्राथमिक शिक्षा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त

गरेको छ । सोही प्रतिबद्धता अनुरुप शिक्षा तथा खेलकुद मन्त्रालयले शैक्षिक योजना कार्यान्वयनका लागि दलित तथा पिछडिएका वर्गसम्म शिक्षाको पहुँच पुऱ्याउनु विभिन्न प्रकारका रणनीति अपनाएको देखिन्छ । जस्तैः लैङ्गिक समानताको हिसावले प्राथमिक शिक्षा सबैका लागि उपलब्ध गराउने, कमजोरका लागि समानरुपले शैक्षिक अवसर प्रदान गर्ने, गुणात्मक शिक्षाको विकासमा विशेष जोड दिने, भौतिक तथा आर्थिक सुविधाहरु विस्तार गर्ने, सबै गा.वि.स र न.पा.हरुलाई आफ्नो क्षेत्रमा प्राथमिक विद्यालयहरुको स्थापना र सञ्चालनको जिम्मा दिने । (शिक्षा मान्त्रालय १९९९)

प्रस्तुत अध्ययन शिर्षकमा ओखलढुङ्गा जिल्लाको टोक्सेल गा.वि.स.मा रहेका दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच, उनीहरुको शिक्षाप्रतिको दृष्टिकोण, त्यसबाट सामाजिक विकासमा परेको प्रभाव, प्राथमिक शिक्षामा पहुँच सम्बन्धि समस्याका कारणको विश्लेषण गरि निम्न बुदाका समस्यालाई आधार मानि अध्ययन अघि बढाईएको थियो ।

क) दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँचको अवस्था कस्तो छ ? जातिय हिसावले उनीहरुको शैक्षिक अवस्था पत्ता लगाउन ।

ख) प्राथमिक शिक्षामा समस्याका कारण के के छन् ?

यि माथि उल्लेखीत समस्या देखिएकोले दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच राखी अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

शारीरिक विकासका लागि खाना र सामाजिक विकासका लागि शिक्षाको आवश्यकता पर्दछ । यसर्थ जबसम्म शिक्षाको विकास सबै वर्ग, लिङ्ग, जातजातिमा हुन सक्दैन तबसम्म समाज समृद्धशाली हुन सक्दैन । यसर्थ राष्ट्रको सर्वाङ्गीण विकासका लागि दलित, उपेक्षित र उत्पीडित जातिहरुको शिक्षामा पुहँच पुऱ्याउन आवश्यक छ । जबसम्म पिछडिएका समुदायका व्यक्तिहरु शिक्षित हुँदैनन् तवसम्म समाज र राष्ट्रको उन्नति असम्भव हुन्छ ।

यस अध्ययनबाट आधारभूत शिक्षामा दलित बालकालिकाको वर्तमान शैक्षित अवस्था कस्तो छ सो यथार्थता प्राप्त गर्न सकिनेछ । उक्त जानकारीबाट दलित छात्र छात्राहरुको आधारभूत शिक्षामा पहुँच सम्बन्धी स्थिति पत्ता सकिनेछ र समस्या समाधानका उपायहरु खोज गर्न यस अध्ययनको महत्व रहेको छ ।

मुख्य गरी यस अध्ययनले दलित तथा उपेक्षित, उत्पिडीत वर्गका समुदायलाई गैर दलित सरह आधारभूत शिक्षामा पहुँच बढाउन सहयोग पुग्न जानेछ । ओलखढुङ्गा जिल्लामा रहेका दलितहरुलाई पनि आधारभूत शिक्षामा पहुँच बढाउन राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुको ध्यानाकर्षण गर्नेछ । दलित बालबालिकालाई आधारभूत शिक्षामा बढी भन्दा बढी सहभागिता गराई पहुँच बृद्धि गर्न शिक्षक, समाज, विद्यालयले वहन गर्नुपर्ने उत्तरदायित्वलाई समेत स्पष्ट पार्नेछ । आधारभूत शिक्षामा दलित बालबालिकाको पहुँच बृद्धि गराउन नेपाल सरकारले दलितहरुलाई प्रदान गरेको सेवा र सुविधा तथा सहुलियतको उचित मूल्याङ्कन गर्न सम्बन्धित पक्षलाई सहयोग पुग्नेछ । दलित वर्गलाई समाजले गर्ने नराम्रा व्यवहार सामाजिक परिपाटी अन्त्य गर्नका लागि सरकारी स्तरबाट ठोस नीति निर्माण गर्न सहयोग पुग्नेछ । यस अध्ययनबाट दलित बालबालिकाको प्राथमिक शिक्षामा पहुँच बृद्धि गर्न अपनाउनु पर्ने भावी रणनीतिहरुको योजना बनाउन र दलितसँग सम्बन्धित अन्य अनुसन्धान गर्न इच्छुक अनुसन्धानकर्तालाई अध्ययन अनुसन्धानको लागि सहयोग गर्नेछ । अन्त्यमा यस विषयसँग सरोकार राख्ने विभिन्न व्यक्तिहरु, शिक्षकहरु, शिक्षाविद् लगायतका व्यक्तिहरुलाई दलित बालबालिकाहरुको आधारभूत शिक्षामा पहुँच बृद्धि गर्न पाठ्यक्रम परिमार्जन गर्न, नीति निर्माण गर्न समेत सहयोग मिल्न जानेछ त्यसैले यो अध्ययन महत्वपूर्ण छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका निम्नानुसार उद्देश्यहरु छन्:-

- दलित बालबालिकहरुको प्राथमिक शिक्षामा पहुँच पत्ता लगाउनु ।
- दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच सम्बन्धि समस्याका कारण पत्ता लगाउनु ।

## १.५ अध्ययनको परिसीमा

अध्ययनका परिसीमाहरु निम्नानुसार छन् :

- ओखलढुङ्गा जिल्लामा सिमित गरिएको छ ।
- टोक्सेल गा.वि.स.मा सिमित गरिएको छ ।
- दलित बालबालिकाको प्राथमिक शिक्षामा पहुँच लाई लिएको छ ।
- टोक्सेल गा.वि.स.का पाँचवटा सामूदायिक विद्यालयमा सिमित गरिएको छ ।

- दलित र गैर दलित बालबालिकाको प्राथमिक शिक्षामा पहुँच सम्बन्धि तुलनात्मक अध्ययन गरिएको छ ।

## १.६ शब्दावलीहरुको परिभाषा

यस अध्ययनमा प्रयोग भएका विशिष्ट शब्दावलीहरुलाई तल प्रस्तुत परिभाषा अनुसार बुझ्नुपर्ने छ ।

सुविधाविहिन समुह- राज्यबाट प्रदान गरिएको सेवा लिनबाट बन्चित समुदाय

पहुँच- सामाजिक न्यायका आधारमा सबैले समान अवसर प्राप्त गर्नु ।

दलित- दलिएका, पिछडिएका, हेपिएका, पिल्सिएका

प्राथमिक तह- कक्षा १-५ लाई लिइएको छ ।

# परिच्छेद-दुई

# पूर्व कार्यको समीक्षा (सैद्धान्तिक साहित्यको खाँका र सम्बन्धित साहित्यको पुनरावलोकन)

सामाजिक विभेदीकरणका बारेमा प्राचिन समयदेखि नै विभिन्न सामाजिक दर्शनशास्त्रीयहरुले आ-आफ्नो विचार धारणा तथा चिन्तन प्रस्तुत गर्दै आएका छन । यस्ता महत्वपूर्ण चिन्तन धारणा तथा सिद्धान्त क्रमशः सँस्कृतिको निर्माण र हस्तान्तरण गर्नमा समेत सघाउँ पुऱ्याएका छन् । यस्तो असमानताबाट तथा विभेदीकरणबाट नै समाजमा छुवाछुत प्रथाको विकास हुँदै आएको छ । यसर्थ यहाँ सामाजिक असमानताका सम्बन्धमा भए गरेका केही समाज शास्त्रीय सिद्धान्तहरुलाई सन्दर्भ साहित्यका रुपमा प्रस्तुत गरिएको छ ।

**(क) सैद्धान्तिक खाँका**

Tumin, 1997 को अनुसार ग्रिसेली प्रसिद्ध दार्शनिक Plato ले आदर्श राज्यको परिकल्पना गर्दै समाजलाई विभिन्न वर्गमा विभाजन गर्ने कामको बाँडफाँड गर्ने तथा अनुशासन कायम गर्ने चिन्तन प्रस्तुत गरेका छन् । उनले समाजलाई वर्ग संस्थाको रुपमा उल्लेख गर्दै आम नागरिकलाई शासक र शासित गरी दुई भागमा विभाजन गरेका थिए । प्लेटोका यि चिन्तनले सामाजिक अवस्था न्यायपूर्ण बन्ने परिकल्पनाका आधारमा सामाजिक विभेदीकरणको चिन्ता आएको हो । उनको चिन्तामा अक्सरको समानता नीजि सम्पत्तिको निराकरण र साझा कल्याणकारी समाजको निर्माण रहेको छ ।

लिन्य (1974) ले छुवाछुतको राजनजीति नामक अनुसन्धानात्मक पुस्तकमा भारतको उत्तर प्रदेश अन्तर्गत आगराह शहरमा बस्ने चमार अछुत जातिहरुको राजनैतिक तथा शैक्षिक पक्षको विषयमा विस्तृत यथार्थ भएको छ । उहाँका अनुसार आगराको 'चमार' (चमत्कार) एउटा ठुलो अंग जो हिन्दु धर्माबलम्बीहरुको दृष्टिमा अपवित्र ठहरिएको छाला तथा त्यसको कामसँग सम्बन्ध राख्दछन् । यिनीहरुले हिन्दु धर्म र यसको जातिय परिपाटीका अतिरिक्त तत्कालिन सत्ता रुढ दल काँग्रेसलाई पनि त्यागी बुद्ध धर्म अपनाएको र आफ्नो राजनैतिक  दल रिपब्लिक पार्टी अफ इन्डियाको स्थापना गरेका पाइन्छ । यसरी उनले जातिय उत्थानको निम्ती थालिएको कदमलाई सँस्कृतिक कारणको संज्ञा दिएका छन् । उनले गरेका अनुसन्धानात्मक पुस्तकमा भारतीय सरकारले दलित (चमार) जातिहरुको उत्थानको निम्ति थालेका विभिन्न सहार्निय कदमहरुलाई उल्लेख गरेका छन् । जुन निम्न अनुसार छन ।

१. अछुत जातिहरुको स्तरलाई माथि उठाउन सरकारले परिसंख्यक जातिको रुपमा राखि दिएको छ ।

२. अछुत जातीहरुलाई सरकारको विभिन्न संघसंस्थाहरुमा आवद्ध गरिएको छ ।

३. अछुत जातिहरुलाई शैक्षिक क्षेत्रमा केन्द्रिय तथा प्रान्तीय सरकारले छात्रवृत्तिहरु शुल्क मिनाहा गर्ने कामहरु, पुस्तक वितरण गर्ने कामहरु छात्रवासको व्यवस्थाका साथै यस्तै अरु विभिन्न किसिमको सहुलियत प्रदान गरेको छ ।

४. राजनितीक प्रतिनिधित्वको क्षेत्रमा पनि अछुत जातिहरुलाई लोकसभा र विधान सभामा केही निश्चित स्थानहरु सुरक्षित राखेको छ

आहुती, २०६० का अनुसार वैदिक शिक्षा अनुसार दलित जाती भन्नाले पहिले विभाजन गरिएको शुद्र बर्णको जातिगत समुह भन्ने बुझिन्छ । दलित भनेको शुद्र बर्णसँग सम्बन्ध राख्ने मानिसहरु हुन् भन्ने बुझिन्छ । दलित जातिय समस्याको कारणलाई व्याख्या गर्ने पुरातनपन्थि आदर्शवादी धारणा अहिलेसम्म पनि समाजमा काफी हदसम्म व्याप्त छ । आदर्शवादी दृष्टिकोणले दलित जातीय समस्या इश्वरकै सृष्टि हो ।  यो पहिले देखि यस्तै थियो र कहिले उत्थान गर्ने निती राज्यले अवलम्बन गर्ने छ । शिक्षा सबैको अधिकार हो । शिक्षाको चेतना दलितले पाउने वित्तिकै छुवाछुतको यो सामन्ती प्रथालाई हामीले तुरुन्त बदल्न सक्छौं । त्यसकारण शिक्षा समाज रुपान्तरणको बलियो औजार हो । त्यसकारण दलित उत्पिडितको लागि शिक्षा ज्ञान आर्जन प्रथम विषय हो । यसरी दलितहरुको प्रमुख शैक्षिक मुद्धाहरुमा रा.शि.आ.को प्रतिवेदन २०५५ ले साँस्कृतिक सम्पदाको अभाव जातीय छुवाछुतको समस्या,

व्यापक निरक्षरता र गरिबी, अगुवा दलितको अभाव र दलित सीपको अवहेलना आदि पक्षलाई स्पष्ट पारेको छ ।

कार्ल मार्क्स (१८१८-१९८३) विश्व साम्यवादी आन्दोलनका महान् दार्शनिक तथा समाजशास्त्रीका रुपमा लिइन्छ । उनका विचारमा सामाजिक विभेदीकरणको प्रमुख पक्ष नै आर्थिक कारण हो । सामाजिक उत्पादन र वितरणमा रहेको असमानताले विभेदीकरणलाई उच्च स्थानमा पुऱ्याउँदछ । उनका विचारमा वर्ग संघर्ष नै समाजमा सम्पूर्ण पक्षहरुमा र सिङ्गो सामाजिक व्यवस्थाको स्वरुपमा परिवर्तन ल्याउने प्रमुख आधार हो । वर्ग संघर्षको सिद्धान्त अनुसार समाजमा विभिन्न वर्गहरु रहेका हुन्छन । समाजमा परम्परा विरोधी वर्गहरु रहेका हुन्छन् । समाजमा परम्परा विरोधी वर्गहरुका विचमा आ-आफ्नो स्वार्थलाई लिएर सामाजिक संघर्षको स्थिति उत्पन्न हुन्छन् । यस अन्तर्गत शोषित वर्गहरु बीच उत्पादन प्रकृया, उत्पादनको वितरण वा उत्पादनका सम्बन्धमा उत्पादनका साधनको स्वामीत्वको सम्बन्धमा वर्गीय आधारमा नै सामाजिक द्वन्द्व हुने गर्दछ । (शर्मा २०५८)

**(ख) सम्बन्धित साहित्यको पुनरावलोकन**

उप्रेती, टेकनाथ (२०६३), ले दलित जातिको शैक्षिक अवस्था र शिक्षामा पहुँच सम्बन्धी एक अध्ययनले अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम, प्राथमिक शिक्षा विस्तार कार्यक्रम, समाहित शिक्षा, शिक्षण पेशालाई सामाजिक सेवाको रुपमा स्वीकार गर्ने परिपाटीको व्यवस्था नभएको, शिक्षक आचारसंहिता निर्माण नभएको, शिक्षक अभिभावक अन्तरक्रिया जस्ता कार्यक्रमहरु संचालन नभएको अध्ययनले देखाएको छ ।

राष्ट्रिय दलित आयोग (२०६०), का अनुसार, दलितहरुको साक्षरता दर न्यून भएको, मधेशी समुदायमा मुसहर, दुसाध र चमार सबभन्दा कम साक्षरता दर भएका दलितहरु भएको, अन्य जातिका तुलनामा मधेसी मूलका दलितहरु अत्यन्त पिछडिएका, महिला र पुरुषको सन्दर्भमा दलित समूदायमा करीब १०० जना पुरुष साक्षर हुदा १० देखि २५ जना महिलामात्र साक्षर भएको उक्त अध्ययनले देखाएको छ ।

CERID, (२०६१), को अध्ययनमा विद्यालय भर्ना नहुने जनसंख्यामा जनजाति, दलित र बालश्रमिक रहेको तथ्य उल्लेख गरिएको छ । विद्यालय भर्ना दर न्यून भएका क्षेत्रका लागि विशेष

छात्रवृत्तिको व्यवस्था नभएको, मातृभाषामा शिक्षा प्रदान गर्ने प्रावधान नभएको, शुल्क तिर्न नसक्ने अभिभावकको पहिचान गर्न नसकेको अध्ययनले देखाएको छ ।

थपलिया, (२०५८) को "दलित जातिको शिक्षामा सहभागिता'' एक अध्ययनले दलित जातिको शिक्षामा सहभागिता सम्बन्धी समस्या समाधानका लागि दलितको स्थिति बारेमा विस्तृत अध्ययन गरेको थियो । उक्त अध्ययनले दलितहरुको संलग्नतामा कार्यक्रम तर्जुमा नहुनु, उनीहरुको परम्परागत सीपलाई प्रोत्साहन नगर्नु, दलित उत्थान सम्बन्धी प्रचारप्रसार र जनचेतना जागरणका कार्यक्रम संचालन नहुनु, भेदभाव गर्नेलाई कडा कानुनको व्यवस्था नहुनु, दलितहरुलाई छात्रवृत्ति व्यवस्थामा अनियमितता हुनु, प्रतिष्ठित उदाहरणीय दलितहरुको जीवनी पाठयक्रममा समावेश नहुनु, दलित श्रम र सीपको उचित कदर नहुनु, योग्य र तालिमप्राप्त शिक्षकको व्यवस्था नहुनु, दलित शिक्षकको व्यवस्था नभएको अध्ययनले देखाएको छ ।

खनाल , २०५८ ले दलित जातिको शैक्षिक अवस्थाको अध्ययन शिर्षकमा दलित जातीको शैक्षिक स्थितीका बारेमा अध्ययन गरेका थिए । उक्त अध्ययनमा दलित जातीको शैक्षिक अवस्था कमजोर रहेको दलित सहायता कोषको स्थापना नभएको, दलित श्रम र सिप पाठ्यक्रममा समावेश नभएको, दलित अभिभावक सँग अन्तरक्रिया नहुने, अव्यवहारीक छात्रवृत्ती वितरण प्रणाली, न्यून छात्रवृत्ती कोटाका कारण अपेक्षित उपलब्धी हासील हुन नसकेको , चेतनामुलक कार्यक्रमको संचालनमा कमि, प्रभावकारी मुल्यांकन व्यवस्था हुन नसकेको, अन्य जातको तुलनामा दलित जातका विद्यार्थीको भर्नादर न्यून र कक्षा छोड्ने र दोहोऱ्याउने बढि रहेको अध्ययनले देखाएको थियो ।

रेग्मी, (२०६५), को दलित जातिको शैक्षिक पहुँच एक अध्ययनले दलित जातिको शैक्षिक पहुँच पुऱ्याउनु दलित समुदायको आर्थिक, सामाजिक तथा शैक्षिक स्थितिका बारेमा विस्तृत खोज अनुसन्धान नभएको, उनीहरुको आर्थिक अवस्थामा सुधार ल्याउन उनीहरुकै सहभागिता र संलग्नतामा कार्यक्रम निर्माण र सञ्चालन नगरिएको, सामाजिक भेदभाव निर्मूल गर्ने कानुनलाई कडाईका साथ कार्यान्वयन नगरिएको, दलित छात्रवृत्तिको कोटा वृद्धि नभएको, प्रत्येक विद्यालयमा कम्तीमा एक जना दलित शिक्षकको व्यवस्था नभएको , दलितहरुलाई सरकारी सेवामा प्रवेशका लागि आरक्षणको व्यवस्था नगरिएको अध्ययनले देखाएको छ ।

ओझा, (२०६७) को दलित छात्रको उच्च माध्यामिक शिक्षामा पहुँचको एक सोध अध्ययनमा दलित विद्यार्थीलाई विद्यालयमा भर्ना गर्न, नियमित गराउन विभिन्न माध्यमबाट प्रोत्साहन र हौसला

जस्ता कार्यको व्यवस्था नभएको, चेतनामुलक कार्यमा जोड नदिइएको, दलित विद्यार्थीको ईच्छा, रुची, चाहना तथा उनीहरुको शिप, कला, कौशललाई महत्व नदिई पाठ्यक्रम निर्माण गरिएको, निरक्षर अभिभावकलाई साक्षरता शिक्षा प्रदान गर्न नसकिएको जस्ता कुरा अध्ययनले देखाएको छ ।

समग्रमा हेर्दा उल्लेखित लेख अध्ययन अनुसन्धानको आधारमा हेर्दा दलित समुदाय राष्ट्रद्धारा गरिएका विविध कार्यक्रमहरुबाट आशा गरे अनुरुप अगाडी बढ्न सकेका छैनन् । उनीहरु सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक आदि क्षेत्रहरुमा पिछडिएको वर्तमान अवस्था छ । दलित जातिको शिक्षामा पहुँच सम्बन्धमा विभिन्न समय र स्थानमा विभिन्न अध्ययन अनुसन्धानहरु भएता पनि ती अध्ययनहरुले निश्चित ठाउँ र निश्चित समयमा, निश्चित जनसंख्यालाई केन्द्रविन्दु मानी गरिएको छ । जसले सम्पूर्ण देशमा रहेका, ठाउँमा रहेको दलितहरुको शैक्षिक स्थितिलाई समेटन् सक्दैन । दलितहरुको शैक्षिक स्थिति, आधारभूत  शिक्षामा पहुँचको स्थिति पत्ता लगाउनु साथै सो सम्बन्धि समस्याहरु र समस्या समाधानको उपायहरु पहिल्याइ सुधारका लागि सुझावहरु सिफारिस प्रदान गर्न यस अध्ययन गरिएको छ ।

# परिच्छेद-तीन
# अध्ययनको विधि

## ३.१ अध्ययनको ढाँचा

यो अध्ययन पूर्णतया सर्वेक्षण विधिमा आधारित छ । यसको संरचना निम्नअनुसार प्रस्तुत गरिएको छ  । यो अनुसन्धान परिमाणात्मक, गुणात्मक र वर्णनात्मक किसिमको रहेको छ । अध्ययनको लागि सम्बन्धित विद्यार्थीका आवश्यक विवरणहरु विद्यालयमा रहेको अभिलेख सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक, शिक्षिका, अभिभावक तथा बालबालिकाहरुबाट साधनको रुपमा लिएको छ । जसमा खुल्ला प्रश्नावली, अन्तरवार्ता रुजिसूची र कक्षा अवलोकन गरि विद्यार्थी, शिक्षक, प्रधानाध्यापक र अभिभावकलाई प्रयोगमा ल्याएको छ । यस अध्ययनले मुख्यतया दलित बालकालिकाको

आधारभूत तहमा पहुँच कस्तो छ ? र गैर दलित विद्यार्थी भर्ना, कक्षा उत्तीर्ण, कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने दरलाई हेरिएको छ । साथै दलित बालकालिकाहरु विद्यालयमा सहभागि हुनमा बाधा पर्ने कारणहरु र विद्यालयमा सहभागि बढाउने उपायहरु हेर्ने प्रयास गरिएको छ । यस अध्ययनका लागि आवश्यक तथ्याङ्क प्राथमिक र सहायक प्रकारका स्रोतहरुबाट प्राप्त गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या

यस अनुसन्धानको लागि ओखलढुङ्गा जिल्लाको टोक्सेल गा.वि.स.का शिक्षक, विद्यार्थी,प्र.अ.,विद्यालय व्यवस्थापन समिति का प्रतिनिधिलाई सुविधाजनक तथा उद्देस्यात्मक नमुना छनौट विधि अपनाई गरिएको हो ।

## ३.३ नमुना र नमुना छनौट विधि :

प्रस्तुत शिर्षक “दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच” ओखलढुङ्गा जिल्लाको टोक्सेल गा.वि.स.मा रहेका दलित बालबालिकाहरुको शैक्षिक स्थिती पत्ता लगाउन निम्नानुसार सुविधाजनक तथा उद्देश्यात्मक विधी छनौट गरिएको हो ।

३.३.१ जिल्ला छनौट :

अध्ययनमा नमूना छनौट विधि अपनाई ओखलढुङ्गा जिल्लालाई छनौट गरिएको थियो ।

३.३.२ गा.वि.स. छनौट

गा.वि.स. छनौटमा उद्देश्यमुलक नमुना छनौट विधिको प्रयोग गरिएको थियो ।

३.३.३ विद्यालय छनौट

सुविधाजनक नमुना छनौट विधिबाट विद्यालय छनौट गरिएको थियो ।

३.३.४ प्र.अ./शिक्षक छनौट

अध्ययन क्षेत्रका प्र.अ./शिक्षकहरुको छनौट सुविधाजनक नमूना छनौट विधि अन्तर्गत गरिएको थियो ।

३.३.५ उत्तरदाता छनौट

अध्ययन क्षेत्रका अभिभावकहरु मध्ये Simple Random Sampling विधी अपनाई उत्तरदाता छनौट गरिएको थियो ।

३.३.६ विद्यार्थी छनौट

अध्ययन क्षेत्रका कक्षा १-५ मा अध्ययन गर्ने विद्यार्थीहरुमा Simple Random Sampling विधी अपनाई विद्यार्थी छनौट गरिएको थियो ।

३.३.७ सहायक तथ्याङ्क संकलन

सहायक तथ्याङ्कको रुपमा जिल्ला शिक्षा कार्यालय, जिल्ला विकास समिति, गाउँ विकास समिति, तथ्याङ्क कार्यालय, स्रोत केन्द्र तथा छनौटमा परेका विद्यालयको प्रशासनिक फाँटबाट आवश्यक सूचना संकलन गरिएको थियो ।

## ३.४. तथ्यांक संकलनका स्रोतहरु :

तथ्यांकलाई प्राथमिक तथा द्वितिय गरि दूई तरिकाबाट विभाजन गरिन्छ । प्रस्तुत शीर्षकमा गरिने अध्ययनका लागि पनि प्राथमिक तथ्यांक र द्वितिय तथ्यांक गरि २ किसिमबाट तथ्यांक प्राप्त गरिएको थियो ।

क) प्राथमिक तथ्यांक :

प्रस्तुत अध्ययनमा प्राथमिक तथ्यांक संकलन स्रोत अन्तर्गत रुजुसूचि, प्रश्नावली, अन्तरवार्ता तथा अवलोकनलाई प्रयोग गरिएको थियो ।

ख) द्वितिय तथ्यांक :

यस अध्ययन पुरा गर्ने क्रममा द्वितिय तथ्यांक संकलन स्रोत अन्तर्गत डकुमेण्ट अध्ययनलाई लिईएको थियो । जसमा गा.वि.स.का भिलेज प्रोफाईल, स्रोत केन्द्र, जि.सि.का. र जि.वि.स.बाट प्रकाशित बुलेटिनहरु केन्द्रीय तथ्यांक विभागबाट प्राप्त तथ्यांकहरु रहेका छन् ।

## ३.५ तथ्यांक संकलनका साधनहरु :

३.५.१ अर्न्तवार्ता अनुसूची

यस अध्ययनको क्रममा सुचना संकलन गर्नका लागि प्रयोग गरिएको अन्तरवार्ता अनुसूची अनुसूची ५ अनुसार प्रस्तुत गरिएको थियो ।

३.५.२ प्रश्नावली

अध्ययन क्षेत्रका अभिभावकहरु सँग गरिएको प्रश्नावली अनुसूची ७ अनुसार प्रयोग गरिएको थियो ।

३.५.३ रुजुसूची

अध्ययन क्षेत्रका विद्यार्थीहरुको शैक्षिक स्थिती आकलन गर्नको लागि सम्बन्धित विद्यालयका अभिलेखलाई आधारमानी रुजुसूची प्रयोग गरिएको थियो ।

## ३.६ साधनको बैधता निर्धारण

प्रस्तुत अध्ययन अनुसन्धानमा निर्माण गरिएका साधनहरु प्रश्नावली, रुजुसूची, अन्तरवार्ता, सर्वेक्षण फारम आदि सोध निर्देशकलाई देखाई वैधता निर्धारण गरिएको थियो ।

## ३.७ तथ्याङ्क संकलन प्रकृया

३.७.१ प्रश्नावली :

अध्ययन क्षेत्रका ५ वटा सामूदायिक विद्यालयमा स्वयम् उपस्थित भई प्र.अ. तथा शिक्षकको सहयोगबाट छनौट गरिएका प्रत्येक विद्यालयका ४/४ जना विद्यार्थीका अभिभावकहरु र विद्यार्थीलाई उद्देश्य बताई प्रश्नावली गरिएको थियो ।

३.७.२ रुजुसूची :

अध्ययन क्षेत्रका विद्यालयमा गई रुजुसूचीको विवरण प्राप्त गरिएको थियो ।

३.७.३ अन्तरवार्ता अनुसूची :

अध्ययन क्षेत्रका विद्यालयमा स्वयम उपस्थिती भई प्र.अ., शिक्षक सँग आमने सामने भई अन्तरवार्ता तथा छलफल गरिएको थियो ।

## ३.८ तथ्याङ्कको व्याख्या र विश्लेषण

प्राप्त तथ्यांकलाई परिमाणात्मक तथा विवरणात्मक ढाँचा प्रयोग गरि विश्लेषण गर्न विभिन्न तथ्यांक शास्त्रिय विधिहरु तथा चित्रहरु बारग्राफ, हिस्टोग्राम, पाईचार्ट प्रयोग गरिएको थियो भने गुणनात्मक ढाँचा प्रयोग गरि विश्लेषण गर्नका निम्ती वर्णनात्मक विधि प्रयोग गरिएको थियो ।

## ३.९ अध्ययनको रणनीति

| क.सं. | उद्देश्यहरु | विधिहरु | | | प्रतिकृयादाताहरु | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | अर्न्तवार्ता | प्रश्नावली | रुजूसूची | प्र.अ. | शिक्षक | विद्यार्थी | अभिभावक |
| १. | दलित बालबालिकाहरुको आधारभूत शिक्षामा पहुँच पत्ता लगाउनु । | ✓ | | | ✓ | ✓ | | |
| २. | दलित बालबालिकाहरुको | | ✓ | | | | ✓ | ✓ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत शिक्षामा पहुँच सम्बन्धि समस्याका कारण पत्ता लगाउनु । | | | | | | | |
| ३. | दलित बालबालिकाको विद्यालयमा नियमितता सम्बन्धमा । | | | ✓ | | | ✓ | |

# परिच्छेद- चार

# तथ्यांकको व्याख्या, विश्लेषण तथा प्रस्तुतिकरण

विभिन्न क्षेत्रबाट अध्ययनका लागि संकलित तथ्यांकहरु प्रारम्भमा जटिल, अव्यवस्थीत, असंगठित हुने हुँदा संकलित कोरा तथ्यांकलाई अर्थपूर्ण विश्लेषण गर्न ति तथ्यांकहरुको प्रश्तुतीकरण तथा विश्लेषण गर्नु आवश्यक हुन जान्छ । जसका आधारमा अनुसन्धानका समस्याहरु तर्किक एवं प्रमाणीक निष्कर्षमा पुऱ्याउन सहयोग पुऱ्याउदछ । जसलाई तथ्यांकको विश्लेषण तथा प्रस्तुतिकरण भनिन्छ ।

४.१. दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच :

४.१.१ दलित बालबालिकाहरुको प्राथमिक तहमा भर्ना स्थिती :

कुनै शैक्षिक संस्थाको विभिन्न तहहरुमा शिक्षा हासील गर्नका लागि समावेश (भर्ति) भएका विद्यार्थीहरुको विवरणलाई भर्ना विवरण भनिन्छ । दलित बालबालिकाहरुको प्राथमिक विद्यालय (तह) मा भर्ना स्थिती ओखलढुङ्ग जिल्लाको टोक्सेल गा.वि.स.का श्री हर्कपुर उ.मा.वि., श्री शिवदुती नि.मा.वि., श्री स्वर्णान्तराल नि.मा.वि., श्री शहिद स्मृती प्रा.वि. र कालिका प्रा.वि.मा दलित छात्राको प्राथमिक शिक्षाको भर्नाको वर्तमान स्थिती यस प्रकार प्रस्तुत गरिएको छ :

४.१.२ अध्ययन क्षेत्र (टोक्सेल गा.वि.स.) का विद्यालयका दलित विद्यार्थी भर्ना विवरण

**तालिका १**

| कक्षा | दलित | | | | |
|---|---|---|---|---|---|
| | छात्र | प्रतिशत | छात्रा | प्रतिशत | जम्मा |
| १ | ६ | ६६ | ३ | ३३ | ९ |
| २ | ११ | ६९ | ५ | ३१ | १६ |
| ३ | ६ | ६० | ४ | ४० | १० |
| ४ | ७ | ६४ | ४ | ३६ | ११ |
| ५ | ७ | ५० | ७ | ५० | १४ |


| जम्मा | ३७ | ६२% | २३ | ३८% | ६० |
|---|---|---|---|---|---|

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने अध्ययन क्षेत्रका विद्यालयमा दलितहरुको ०६७ को भर्ना संख्या जम्मा ६० छ जसमा छात्रहरुको संख्या ३७ अर्थात (६२%) छ भने छात्राहरुको संख्या २३ अर्थात (३८%) छ जुन छात्रहरुको भन्दा २४% ले बढी छ। जसमा कक्षा ५मा छात्र र छात्राको संख्या बराबरी छ भने अन्य कक्षामा छात्राहरुको संख्या बढी देखिन्छ।

## ४.२ अध्ययन क्षेत्रको गैरदलित विद्यार्थी भर्ना विवरण

**रेखा चित्र १**

**अध्ययन क्षेत्रका गैर दलित विद्यार्थी भर्ना विवरण**




| | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| छात्र | ३२ | ४० | ३३ | ४१ | ३३ |
| छात्रा | ३३ | ३२ | ३३ | ४१ | ५३ |

यसरी माथिको रेखाचित्रबाट के प्रस्ट हुन्छ भने अध्ययन क्षेत्रको (टोक्सेल गा.वि.स.) शैक्षिक सत्र ०६७ को भर्ना स्थितिलाई दलित र गैरदलित छुट्याएर छात्रछात्राको अध्ययन गर्दा गैरदलितको तुलनामा दलितको भर्ना अत्यन्त न्युन रहेको छ। दलितको मात्र हेर्दा छात्रको संख्या छात्राको तुलनामा १४ जना अर्थात (२३.३३%) ले बढी छ भने गैरदलित तर्फ हेर्दा छात्रको तुलनामा छात्राको संख्या १३ अर्थात (३.५०%) ले बढी देखिन्छ। कक्षा ३ र ४ मा छात्र र छात्राको संख्या बराबरी देखिएता पनि कक्षा १ र ५ मा छात्राको संख्या बढी छ साथै कक्षा २ मा भने छात्रको संख्या बढी छ जुन कुरा माथिको तालिका र रेखाचित्रबाट समेत पुष्टि हुन्छ।

## ४.३ दलित र गैरदलित बालबालिकाको उपस्थिति विवरण

**दलित तथा गैरदलित विद्यार्थीहरुको अवलोकन क्रममा उपस्थित संख्या**

**तालिका २**

| विवरण | दलित विद्यार्थी संख्या | गैरदलित विद्यार्थी संख्या | जम्मा |
|---|---|---|---|
| जम्मा विद्यार्थी संख्या | ६० | ३७१ | ४३१ |
| अवलोकन गरिएको दिनको विद्यार्थी संख्या | ४५ (७५%) | ३३५(९०%) | ३८०(८८%) |

स्रोतः- क्षेत्र सर्वेक्षण २०६८

माथिको तालिकालाई हेर्दा अवलोकन गरिएको जम्मा भर्नामा दलित र गैरदलित विद्यार्थीको संख्या ४३१ देखिएता पनि अवलोकन गरिएको दिनमा ३८० अर्थात (८८%) विद्यार्थीको मात्र कक्षामा उपस्थित देखिन्छ । यसरी दलित विद्यार्थीको जम्मा संख्या ६० मध्ये अवलोकन गरिएको दिनमा ४५ जना (७५%) उपस्थित देखिन्छन भने जम्मा ३७१ गैरदलित विद्यार्थीहरुमध्ये अवलोकन गरिएको दिनमा ३३५ अर्थात (९०)%) विद्यार्थीको उपस्थित देखिन्छ । तुलनात्मक रुपमा अवलोकन गरिएको दिनमा दलित विद्यार्थीको उपस्थिति ७५% भन्दा गैरदलित विद्यार्थीका उपस्थिति (९०%) राम्रो देखिन्छ । समग्रमा ३८० जना अर्थात (८८%) उपस्थिति देखिएता पनि गैर दलितको तुलनामा दलित बालबालिकाहरुको आधारभूत शिक्षामा पहुँच अझै कम रहेको पुष्टि हुन्छ ।

## ४.४ अध्ययन क्षेत्रका विद्यालयमा दलित र गैरदलित विद्यार्थीको उत्तिर्ण संख्या विवरण

आधारभुत तहमा भर्ना भएका सबै बालबालिका (दलित र गैरदलित) उत्तीर्ण हुन्छन् भन्ने छैन केही बालबालिकाले मात्र कक्षा चढ्ने गरेका छन यो प्रणाली जहाँ पनि हुन्छ त्यसमा अध्ययनक्षेत्रका आधारभुत तहका विद्यालयमा दलित र गैरदलित बालबालिकाहरुको उत्तीर्ण दरको भिन्नता नै रहेको पाइएको छ । सो विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**क) अध्ययन क्षेत्रका कक्षा चढ्ने दलित विद्यार्थी संख्या र प्रतिशत विवरण**

तालिका ३

| कक्षा | १ | | | २ | | | ३ | | | ४ | | | ५ | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| जम्मा दलित विद्यार्थी संख्या | ६ | ३ | ९ | ११ | ५ | १६ | ६ | ४ | १० | ७ | ४ | ११ | ७ | ७ | १४ | ६० |
| उत्तीर्ण दलित विद्यार्थी संख्या | ३ | ३ | ६ | ७ | ४ | ११ | ५ | ३ | ८ | ५ | ३ | ८ | ५ | ५ | १० | ४३ |
| प्रतिशत | ५० | १०० | ६६ | ६४ | ८० | ६९ | ८३ | ७५ | ८० | ७१ | ७५ | ७३ | ७१ | ७१ | ७१ | ७२ |


स्रोतः सम्बन्धित विद्यालयहरु

उपरोक्त तालिकाबाट के प्रष्ट हुन्छ भने अध्ययन क्षेत्रका विद्यालयमा दलित बालबालिकाको जम्मा भर्ना संख्या ६० मध्ये ४३ जना अर्थात ७२% उत्तीर्ण रहेको देखिन्छ । जसमध्ये २५ जना छात्र अर्थात ४२% र १८ जना ३०% छात्रा उत्तीर्ण भएको देखिन्छ । समग्रमा उत्तीर्ण प्रतिशत राम्रो देखिएतापनि छात्रको तुलनामा छात्राको उत्तीर्ण प्रतिशत न्युन देखिन्छ भने गैर दलितको तुलनामा दलित बालबालिकाहरुको उत्तीर्ण प्रतिशत न्यून नै देखिन्छ । अध्ययन क्षेत्रका सम्पूर्ण बालबालिकाको संख्याको १०% मात्र दलित बालबालिका उत्तीर्ण हुनु भनेको आधारभूत तहमा उनिहरुको पहुँच अझै कम भएको अध्ययन क्षेत्रको तथ्याङ्कले बताउँछ ।

## ख) अध्ययन क्षेत्रको कक्षा चढने गैर दलित विद्यार्थी संख्या र प्रतिशत विवरण

### रेखाचित्र २

### अध्ययन क्षेत्रका कक्षा चढने गैर दलित विद्यार्थी संख्या र प्रतिशत विवरण





| | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| छात्र | २५ | ३३ | २६ | ३३ | २६ |
| छात्रा | २४ | २६ | २४ | ३४ | ४२ |

माथिको रेखाचित्रबाट के प्रष्ट हुन्छ भने अध्ययन क्षेत्रका विद्यालयहरुको प्राप्त तथ्याङ्क अनुसार गैर दलित विद्यार्थी भर्ना संख्या जम्मा ३७१ रहेकोमा उक्त संख्या मध्ये २९३ अर्थात ७९% उत्तीर्ण भएको पाइन्छ जसमा उक्त संख्या मध्ये छात्रको संख्या १४३ (३९%) र छात्राको १५० (४०.४३%) उत्तीर्ण भएको पाइन्छ । जबकी दलित बालबालिकाहरुको उत्तीर्ण प्रतिशत ७२% पाइन्छ । जुन दलितको तुलनामा गैर दलितको उत्तीर्ण प्रतिशत ७९% हुनु भनेको अझै दलित बालबालिकाको आधारभूत शिक्षामा उत्तीर्ण प्रतिशत न्यून देखिनु हो ।

ग) कक्षागत कक्षा चढ्ने दर

रेखाचित्र ३




| | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| दलित | ६ | ११ | ८ | ८ | १० |
| गैर दलित | ४९ | ५९ | ५० | ६७ | ६८ |

माथिको रेखाचित्रबाट के स्पष्ट हुन्छ भने ०६६/०६७ को अध्ययनक्षेत्रभित्रको तथ्याङ्कलाई हेर्दा कक्षा १-५ सम्मको कक्षा चढने दरमा समग्रमा ४३१ जना बिद्यार्थी मध्ये ३३६ (७७.९५%) उत्तीर्ण भएका छन । सो मध्ये दलित तर्फ ६० विद्यार्थी मध्ये ४३ जना अर्थात समग्र बिद्यार्थीको १०% उत्तीर्ण भएका छन भने गैर दलित तर्फ २९३ अर्थात समग्रको ६७.९८% उत्तिर्ण भएका छन । त्यसबाट के प्रष्ट हुन्छ भने दलित बालबालिकाको आधारभूत तहमा गैर दलित बालबालिकाको तुलनामा पहूँच अझै कम रहेको प्राप्त तथ्याङ्कले देखाउँछ ।


## ५.५ अध्ययनक्षेत्रका विद्यालयको कक्षा दोहोऱ्याउने दलित र गैरदलित विद्यार्थीसंख्या विवरण

कक्षा दोहोऱ्याउने भन्नाले कक्षा उत्तीर्ण गर्न नसकेका अथवा एउटा कक्षाबाट अर्को कक्षामा प्रवेश गराउने बार्षिक परीक्षामा अनुत्तीर्ण भएको विद्यार्थी भन्ने बुझिन्छ अथवा उत्तीर्ण भएतापनि सोही कक्षामा पढ्न चाहने विद्यार्थीलाई पनि कक्षा दोहोऱ्याउने विद्यार्थीको रुपमा लिईन्छ ।

यहाँ अध्ययन क्षेत्रको शैक्षिक तथ्याङ्क ०६६/०६७ सालमा दलित र गैरदलित विद्यार्थीको कक्षा दोहोऱ्याउने विवरण निम्न अनुसार पाइयो ।

क) दलित कक्षा दोहोऱ्याउने संख्या र प्रतिशत

रेखाचित्र ४




उपरोक्त रेखाचित्रबाट के प्रष्ट हुन्छ भने जम्मा ६० जना बालबालिकाहरु भर्ना भएकामा ४३ जना अर्थात ७२% उत्तीर्ण भएका छन जसमा कक्षा दोहोऱ्याउने ११ जना अर्थात १८.३३% छन । यसमा कक्षा १ मा २२%, कक्षा २ मा २५%, कक्षा ३ मा २०%, कक्षा ४ मा ९% र कक्षा ५ मा १४% ले कक्षा दोहोऱ्याएका छन । जुन दलित तर्फको सम्पूर्ण संख्याको १८% हुन आउँछ । प्राप्त तथ्याङ्क अनुसार गैरदलित बालबालिकाको तुलनामा दलित बालबालिकाको कक्षा दोहोऱ्याउने समग्र र कक्षागत प्रतिशत समेत बढी देखिन आएकोले अझै पनि अध्ययन क्षेत्रका दलित बालबालिकाको आधारभूत शिक्षामा पहुँच न्युन रहेको कुरा प्रष्ट हुन्छ ।

**ख) दलित छात्रछात्राहरुको कक्षा छोड्ने संख्या र प्रतिशत**


तालिका ४

| **कक्षा** | **१** | | | **२** | | | **३** | | | **४** | | | **५** | | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्म** | **छात्र** | **छात्रा** | **जम्मा** | |
| जम्मा दलित विद्यार्थी संख्या | ६ | ३ | ९ | ११ | ५ | १६ | ६ | ४ | १० | ७ | ४ | ११ | ७ | ७ | १४ | ६० |
| कक्षा छाड्ने दलित विद्यार्थी संख्या | १ | - | १ | १ | - | १ | - | - | - | १ | १ | २ | १ | १ | २ | ६ |
| **प्रतिशत** | **१७** | **-** | **११** | **९** | **-** | **६** | **-** | **-** | **-** | **१४** | **२५** | **१८** | **१४** | **१४** | **१४** | **१०** |

माथिको तालिकाबाट यो कुरा पुष्टि हुन्छ कि अध्ययन क्षेत्रका विद्यालयमा गरिएको अनुसन्धानले कक्षा (१-५) मा अध्ययरत दलित जातिका बालबालिकाहरुमा अझै पनि नियमित विद्यालय जान नसक्ने, गएर पनि विचैमा कक्षा छाडने प्रतिशत अझै बढी देखिन्छ जसमा कक्षा १ मा ११%, कक्षा २ मा ६%, कक्षा ४ मा १८% र कक्षा ५ मा १४% अर्थात सम्पूर्ण दलितक संख्याको ६ जना (१०%)ले कक्षा छोडेको देखिन्छ कक्षा ३ मा भने दोहोऱ्याउने संख्या देखिदैन । उनीहरुमा अझै पनि शिक्षाको चेतना कम हुनु, आर्थिक अवस्था कमजोर हुनु, विद्यालय टाढा हुनु जस्ता विविध कारणहरुले गर्दा बालबालिकाहरु नियमित रुपमा विद्यालय जान नसकि कक्षा छोड्न बाध्य भएको कुरा स्थलगत अध्ययनमा पाइएको थियो ।

## ग) गैर दलित छात्रछात्राहरुको कक्षा दोहोऱ्याउने प्रतिशत

वृत्तचित्र १





माथिको वृतचित्रबाट अध्ययन गरिएका विद्यालयहरुको गैरदलित छात्रछात्राहरुको ०६७ को कक्षा दोहोऱ्याउने संख्या र प्रतिशत बारे थाहा पाउन सकिन्छ । जसमा भर्ना भएका कक्षा १-५ सम्मका गैर दलित बालबालिकाको संख्या ३७१ छ जस मध्ये ४० जना अर्थात ११ प्रतिशतले बालबालिकाहरुले कक्षा दोहोऱ्याएको देखिन्छ । कक्षागत रुपमा कक्षा १ मा ११ जना १७ प्रतिशत, कक्षा २ मा ७ जना अर्थात १० प्रतिशत, कक्षा ३ मा ७ जना अर्थात १२ प्रतिशत, कक्षा ४ मा ६ जना अर्थात ७ प्रतिशत र कक्षा ५ मा ८ जना अर्थात ९ प्रतिशतले कक्षा दोहोऱ्याएको देखिन्छ । जुन समग्र गैर दलितको ११ प्रतिशत हुन आउँछ भने दलित तर्फ १८ प्रतिशतले कक्षा दोहोऱ्याएको अवस्था थियो । यसबाट पनि प्रष्ट हुन्छ गैर दलित बालवालिकाको तुलनामा दलित बालबालिकाको कक्षा दोहोऱ्याउने प्रतिशत वढी छ ।

**घ) गैर दलित छात्रछात्राहरुको कक्षा छाडने दर र प्रतिशत**

**वृत्तचित्र २**

**गैर दलित छात्रछात्राहरुको कक्षा छाडने दर र प्रतिशत**





प्रस्तुत वृत्तचित्रबाट अध्ययन क्षेत्रका गैर दलित बालबालिकाको कक्षा छाडने दर र प्रतिशत प्रष्ट हुन्छ जसमा गैर दलित बालबालिकाको भर्ना भएको संख्या ३७१ छ जसमध्ये ३८ जना अर्थात १०% ले कक्षा छोडेको देखिन्छ । जसमा प्राप्त तथ्याङ्क अनुसार कक्षागत रुपमा कक्षा १ मा ५ जना अर्थात ८%, कक्षा २ मा ६ जना ८%, कक्षा ३ मा ८ जना १२%, कक्षा ४ मा ९ जना ११% र कक्षा ५ मा १० जना १२% का दरले कक्षागत रुपमा कक्षा छाड्ने दर र प्रतिशत प्राप्त तथ्याङ्कले देखाउँछ । दलित र गैर दलित बालबालिकामा कक्षा छाड्ने दर सामान्यतया उस्तै रहेता पनि उत्तीण दर भने गैर दलित बालबालिकाको प्रतिशत बढी थियो ।

**५.६ समग्रमा अध्ययन क्षेत्रका विद्यालयमा दलित तथा गैर दलित छात्रछात्राहरुको कक्षा छाडने, दोहोऱ्याउने र कक्षा उत्तीर्ण विद्यालयगत विवरण**

**रेखाचित्र ५**

**अध्ययन क्षेत्रका विद्यालयमा दलित तथा गैर दलित छात्रछात्राहरुको कक्षा छडने, दोहोऱ्याउने र कक्षा उत्तीर्ण विद्यालयगत विवरण**




माथिको रेखाचित्र अध्ययनबाट अध्यनक्षेत्रका श्री हर्कपुर उ.मा.वि., श्री शिवदुती नि.मा.वि.,श्री स्वर्णान्तराल नि.मा.वि., श्री शहिद स्मृति प्रा.वि. र श्री कालिका प्रा.वि. को विद्यार्थी भर्ना, कक्षा छाड्ने, दोहोऱ्याउने र उत्तीर्ण हुने विद्यार्थीको विवरण थाहा पाउन सकिन्छ ।

श्री हर्कपुर उ.मा.वि.को प्राथमिक तह (१-५) मा जम्मा ८८ जना विद्यार्थी भर्ना भएका छन् जसमध्ये दलित १० जना छन् र बाँकी ७८ जना गैरदलित छन् । १० जना दलितमध्ये ६ जना छात्र छन् भने बाँकी ४ जना छात्रा छन् । सो मध्ये १ जनाले बीचैमा कक्षा छोडे भने २ जनाले कक्षा दोहोऱ्याए बाँकी ७ जना उत्तीर्ण भएभने गैर दलित तर्फ जम्मा ७८ जना बालबालिका मध्ये ३७ छात्र र ४१ छात्रा छन् । जमा ६० जना (७७%) उत्तीर्ण भए, १० जना (१३%) ले कक्षा छोडे भने बाँकी ८ जना (१०%) ले कक्षा दोहोऱ्याएको पाइयो ।

श्री शिवदुती नि.मा.वि. रागवपुरको आधारभुत तह (१-५) मा जम्मा १३५ जना विद्यार्थी भर्ना भएका छन् जसमध्ये दलित १५ जना छन् र बाँकी १२० जना गैरदलित छन् । १५ जना दलितमध्ये ७ जना छात्र र ८ जना छात्रा छन् । सो मध्ये १ जना (७%) ले बीचैमा कक्षा छोडे भने २

जना (१३.३३%) ले कक्षा दोहोऱ्याए बाँकी १२ जना (८०%) उत्तीर्ण भएभने गैर दलित तर्फ जम्मा १२० जना बालबालिका मध्यये ९९ (८२.५०%) उत्तीर्ण, ९ जना (७.५०%) कक्षा ले कक्षा छोडे भने बाँकी १२ जना (१०%) ले कक्षा दोहोऱ्याएको पाइयो । जुन अध्ययन क्षेत्रका विद्यालयमा दलित तथा गैर दलित तर्फको उत्तीर्ण प्रतिशत अन्य विद्यालयको तुलनामा राम्रो देखिएता पनि गैर दलित बालबालिकाको तुलनामा दलित बालबालिकाको नतिजा कमै देखिन्छ ।

श्री स्वर्णान्तराल नि.मा.वि. टोक्सेलको (१-५) मा  जम्मा भर्ना भएको १०७ जनामध्ये ७ जना दलित र १०० जना गैरदलित छन् । दलित तर्फ मात्र हेर्दा २ जनाले (२८.५७%) ले कक्षा छोडे, २ जना (२८.५७%) ले कक्षा दोहोऱ्याए भने ३ जना (४२.८५%) ले उत्तीर्ण गरेको कुरा अभिलेख बाट देखिन्छ भने गैर दलित तर्फ १०० जना बालबालिका रहेकोमा ८० जना (८०%) उत्तीर्ण, ११ जना (११%) ले कक्षा छोडे भने ९ जना (९%) ले कक्षा दोहोऱ्याएको पाईन्छ ।

श्री शहिद स्मृति प्रा.वि. मा जम्मा विद्यार्थी संख्या ६० जना रहेकोमा दलित तर्फ २४ जना र गैर दलित २६ जना रहेको पाइयो । दलित तर्फको मात्र नतिजा हेर्दा २४ जना मध्ये २ जना (८.३३%) ले कक्षा छोडे, ५ जना (२०.८३%) ले कक्षा दोहोऱ्याए भने १७ जना (७०.८३%) ले उत्तीर्ण गरेको पाइन्छ । यसैगरी गैर दलित तर्फ ३६ जना रहेकोमा २५ जना (७0%) उत्तीर्ण भए भने ५ जना (१४%) ले कक्षा छाडे र ६ जना (१७%) ले कक्षा दोहोऱ्याएको देखिन्छ ।

श्री कालिका प्रा.वि. भालुखोलाको कक्षा १-५ अध्ययन गर्ने बालबालिकाको जम्मा संख्या ४१ थियो सो मध्ये ४ जना दलित र ३७ जना गैर दलित रहेको पाइयो  । दतिल तर्फ सबै उत्तीर्ण भएको अभिलेखले देखाउँछ भने गैर दलित तर्फ मात्र हेर्दा ३ जना (८.१०%) ले कक्षा छोडे, ५ जना (१३.५१%) ले कक्षा दोहोऱ्याए भने २९ जना (७८.३७%) उत्तीर्ण भएको पाइन्छ ।

माथिको तथ्याङ्कलाई हेर्दा अध्ययन क्षेत्रका जम्मा ४३१ जना बालबालिका मध्ये ६० जना दलित छन् भने ३७१ जना गैर दलित बालबालिका छन् । दलित तर्फ ६० जना मध्ये ३७ जना छात्र र २३ जना छात्रा छन् । ६० जना मध्ये ४३ जना (७२%) उत्तीर्ण भएका छन् त्यस मध्ये २५ जना छात्र र १८ जना छात्रा छन भने ६ जना (१०%) ले बिचैमा कक्षा छोडे जसमा ४ जना छात्र र २ जना छात्रा छन् । र ११ जना (१८.३३%) ले कक्षा दोहोऱ्याए त्यसमा ८ जना छात्र र ३ जना छात्रा रहेको प्राप्त तथ्याङ्कले देखाउँछ ।

यसैगरी गैर दलित तर्फ हेर्दा जम्मा संख्या ३७१ रहेकोमा छात्रको संख्या १७९ (४८.२४%) र छात्राको संख्या १९२ (५१.५७%) रहेकोछ । उक्त संख्या मध्ये २९३ (७८.९७%) उत्तीर्ण रहेको छ भने छात्र तर्फ १४३ (३८.५४%) र छात्रा तर्फ १५० (४०.४३%) उत्तीर्ण हुन आउँछ । यसैगरी ४० जना (१०.७८%) ले कक्षा दोहोऱ्याएका थिए । यसमा १९ जना  छात्र र २१ जना छात्रा थिए भने बाँकी ३८ जना (१०.२४%) ले कक्षा छोडे । जसमा १७ जना छात्र र २१ जना छात्रा छन् । यसरी प्राप्त तथ्याङ्कको अध्ययन गर्दा कक्षा छाड्ने, दोहोऱ्याउनेमा दलित बालबालिकाको संख्या गैर दलितको तुलनामा उच्च रहेको देखिन्छ । यसर्थ आधारभूत तहमा दलित बालबालिकाको पहुँच अझै न्यून रहेको तथ्य पुष्टि हुन आउँछ ।

## ४.७ दलित बालबालिकाको प्राथमिक शिक्षामा पहुँच सम्बन्धी समस्याका कारणहरु

प्रस्तुत शोधपत्रको अध्ययन ओखलढुङ्गा जिल्लाको टोक्सेल गा.वि.स.अन्तर्गत संचालित ५ ओटा सामुदायिक विद्यालयहरु श्री हर्कपुर उ.मा.वि. हर्कपुर, श्री शिवदुती नि.मा.वि. राघवपुर र श्री स्वर्णान्तराल नि.मा.वि.टोक्सेल, श्री शहिद स्मृति प्रा.वि. सातसल्ले र श्री कालिका प्रा.वि. भालुखोला छन् । यी विद्यालयको आधारभुत तहमा (१-५) जम्मा विद्यार्थी संख्या ४३१ रहेको छ भने दलित विद्यार्थीसंख्या ६० अर्थात १४% छ । र त्यसमध्ये पनि दलित छात्र संख्या ३७ अर्थात ८.५८% र छात्रासंख्या २३ अर्थात ५.३३% छ भने अन्य गैरदलित जातका विद्यार्थी ३७१ जना अर्थात ८६% छ । यसमा छात्र १८७ जना छन जुन सम्पूर्ण संख्याको (४३.७८%) र  छात्रा १८४ जना (४२.६९%) संख्या छ जुन दलितको तुलनामा गैरदलितको संख्या बढी रहेकोले अझैपनि आधारभुत तहमा दलित बालबालिकाहरुको पहुँच कम छ । यसरी अन्य जातका केटाकेटीका तुलनामा दलित विद्यार्थीको विद्यालय छाड्ने  र कक्षा दोहोऱ्याउनेदर बढी र उत्तीर्णदर कम भएका अन्य जातका विद्यार्थीको तुलनामा दलित विद्यार्थीको शैक्षिक उपलब्धि कम देखिन्छ । अर्थात यिनिहरुमा बढी मात्रामा शैक्षिक क्षति भएको प्रष्ट हुन्छ । दलित विद्यार्थीको शिक्षामा पहुँच सम्बन्धि समस्याकै कारणले गर्दा नै शैक्षिक उपलब्धि कम भएको तथ्य अध्ययनले देखाएको छ । यसर्थ आधारभुत तहमा अझै दलित बालबालिकाको पहुँच नपुग्नुको कारणहरु प्राप्त गर्न सम्बन्धित विद्यालयका प्र.अ,  शिक्षक, दलित विद्यार्थी, दलित अभिभावक, विद्यालय व्यवस्थापन पदाधिकारीहरुसँग  प्रश्नोत्तर, समुह छलफल तथा अर्न्तक्रिया गर्नुको साथसाथै स्थलगत अध्ययन गरी त्यसबाट प्राप्त तथ्यहरुका आधारमा आधारभूत तहमा दलित बालबालिकाको पहुँच सम्बन्धि समस्याका कारणहरु यस प्रकार प्रस्तुत गरिएको छ ।

### ४.७.१ आर्थिक कारण

ओखलढुङ्गा जिल्ला टोक्सेल गा.वि.स. अन्तर्गत सञ्चालित ५ ओटा सामुदायिक विद्यालय ( अध्ययन क्षेत्रका) मा कक्षा (१-५) अध्ययन गर्ने दलित जातिहरुको आर्थिक अवस्था निम्नस्तरको रहेको छ । ति दलित विद्यार्थीहरुको अभिभावकहरु कृषि पेशामा साथै मजदुरी र परम्परागत जातीय पेशा गरेर जीवन निर्वाह गरिरहेका छन् । कृषि पेशामा आश्रित हुनेहरुको पनि खान पुग्ने गरी आफ्नो पर्याप्तजग्गा जमिन छैन । जमिनको असमान वितरण तथा परम्परागत कृषि प्रणालीको कारण वर्षभरी पुग्ने गरी खाद्यान्न जुटाउन नसकेको अवस्था छ ।

अध्ययन क्षेत्रका विद्यालयमा दलित बालबालिकाको संख्या ६० छ जसमा छात्राहरुको संख्या २३ जना छन् जुन दलितको मात्र हेर्दा (३८.३३%) हुन्छ भने छात्रको संख्या ३७ जना छ जुन (६१.६६%) हुन्छ भने गैरदलितको संख्या ३७१ रहेको छ त्यसमा दलितको समेत गरी ४३१ जना छन् जसमध्ये समग्रमा दलितको (१४%) संख्या छ त्यसमा दलित छात्राको ५.३३% र छात्रको ८.५८% हुन आउँछ । यसरी उक्त तहमा भर्ना भएका दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि पनि अन्य जातिको तुलनामा कम रहेको देखिन्छ । उनीहरुको विद्यालयमा नियमित उपस्थिति पनि अन्य जातिको तुलनामा कम रहेको देखिन्छ । गरीबीको कारण घरमा खान लाउन नपुगी अर्काको घरमा मजदुरी गर्नुपर्ने तथा घरायसी काममा (पेशागत काममा) बुवाआमालाई सहयोग गर्नुपर्ने भएकाले दलित बालबालिका उच्च शिक्षामा जानसकेका छैनन् । आधारभुत तहमा भर्ना भएकाहरुले पनि आर्थिक समस्याको कारण तह नै पार नगरी बिचैमा पढाई छाड्ने गरेको तथ्य शिक्षक अभिभावकबाट ज्ञात हुन आएको छ । प्राथमिक शिक्षा परियोजना अन्तर्गत विद्यार्थी भर्ना वित्तिय सहयोग कार्यक्रमद्धारा दलित छात्रवृत्तिको व्यवस्था भएतापनि विद्यालय पोशाक, परीक्षा शुल्क, मासिक शुल्क, पाठ्यपुस्तक, निशुल्क भएतापनि अध्ययनमा चासो नराखेको देखिन्छ । अर्काको घरमा पढ्ने वातावरण नहुने हुनाले पनि दलित छात्रछात्राहरुको शिक्षामा अवरोध सृजना भएको छ । श्रम विभाजनको नाममा दलितहरुलाई उनीहरुले गरेको श्रमको उचित ज्याला नदिई शारीरिक श्रम गर्न बाध्य पार्ने गरिन्छ जसको परिणाम स्वरुप उनीहरुको कठोर श्रमको उचित मुल्य नपाई दिनानुदिन आर्थिक अवस्था नाजुक भैरहेको छ । यसरी आथिक रुपमा असक्षम, निर्वल भएका कारणले दलितबालबालिकाको आधारभुत शिक्षामा पहुँच कम भै राखेको तथ्य छ । सबैका लागि शिक्षा, शिक्षामा निष्पक्षता, जीवनपर्यन्त शिक्षा, खुल्ला सिकाई आदी शिक्षामा आएका आधुनिक चिन्तनले पनि दलितहरुको आर्थिक अवस्था माथि उकास्ने प्रयास गरेता पनि पुर्ण सफलता

पाउन सकेको छैनन् । दलितहरुले अझै शिक्षामा अवसर पाउन सकेका छैनन । यसरी आर्थिक, समस्याका कारणले दलित बालबालिकाको आधारभुत शिक्षामा पहुँच अन्य जातिहरुभन्दा पछि परेको देखिन्छ ।

### ४.७.२ सामाजिक-सांस्कृतिक कारण

दलित जातिको शिक्षामा पहुँच नपुग्नुको कारणमा एक मुख्य कारण सामाजिक सांस्कृतिक कारण पनि हो । परापुर्वकालदेखि नै माथिल्लो जातलाई तल्लो जातिले आदरसम्मान गर्दै आएका कारणले अझैपनि कथित तल्लोजातिले माथिल्लो जातिलाई सम्मान गर्नुपरेको छ । समाजमा जातपात, छुवाछुत र उचोनिचोको भावना पूर्णरुपमा समाप्त भएको छैन । समाजका सांस्कृतिक संस्कारहरु जस्तैः- विवाह, व्रतबन्ध, पुजा आदी कार्यहरुमा दलित जातिलाई छुट्टै दृष्टिकोणबाट हेरिन्छ । यसैगरि शैक्षिक संस्थामा पनि दलित जातका विद्यार्थीहरु अन्य जातका विद्यार्थीहरुसँग बसेर पढ्न हिच्किचाई रहेको देखिन्छ । विद्यार्थी- विद्यार्थीहरु बिचमा पनि जातिय घनिष्ठता बढि देखिन्छ । दलित जातका विद्यार्थीहरुले प्राय आफ्नो जातका साथीहरुको खोजी गरेको पाईन्छ ।

समाजले दलित जातिप्रति हेर्ने दुष्टिकोण नकरात्मक भएकै कारण दलित बालबालिकाहरुले घरदेखि लिएर शैक्षिक संस्थासम्म उपयुक्त शैक्षिक वातावरण पाउन सकेका छैनन् । घरायसी वातावरणले पनि दलित बालबालिकाहरुलाई आधारभुत तहको पठनपाठन कार्यमा सहभागी हुन बाधा पुऱ्याइरहेको देखिन्छ । घरायसी काममा व्यस्त हुनुपर्ने भएकाले दलित छात्रछात्राहरु धेरै गयल हुने, बिचैमा विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने तथा जाँचमा अनुत्तीर्ण हुने गरेको देखिन्छ । यसरी दलित छात्राहरुको शैक्षिक सहभागिता न्युन हुनुमा सामाजिक सांस्कृतिक पक्ष पनि एक कारक तत्व हो ।

### ४.७.३ चेतनाको कमी

कथित दलित जातिमा चेतनाको अभाव छ । धेरैजसो अभिभावकहरु निरक्षर र केही सामान्य साक्षर मात्र भएका कारण उनीहरुलाई आफुले पाउनुपर्ने हक, अधिकारको बोध नै छैन् । दलितहरुले आफैले आफैलाई चिन्ने सचेतिकरणको शिक्षा पाउन सकेका छैनन् । पुस्तौदेखि आफुलाई दलित, अछुत र तल्लोस्तरका भनेर चिनिदै आएका कथित दलितहरुको सोचमा परिवर्तन आउन सकेको छैन । आफ्नो कला, कौशल, सीप र श्रमको उचित मुल्य पाएका छैनन् । समाजमा जातिय विभेद निर्मूल हुन सकेको छैन क्रमश सुधार हुदै जानेक्रममा मात्र छ । अधिकांश दलित अभिभावकहरुमा छोराछोरीलाई

किन पढाउने, कुन विषय पढाउदा के हुन्छ ?, कुन विषय कहाँ पढाई हुन्छ ? आदि कुराहरुको जानकारी नै छैन । अन्य जातका केटाकेटीहरु जत्तिकै समान अधिकार प्राप्त गर्ने अवसर, विशेष छात्रवृत्तिको अवसर आदि पक्षसँगको जानकारी न्युन भएकाले पनि अधिकांश दलित बालबालिकाको शिक्षाम पहुँच पुग्न सकेको छैन ।

### ४.७.४ शिक्षा पद्धति

वर्तमान शिक्षा पद्धतिले दलित जातिको शिक्षामा पहुँच पुऱ्याउन नसकेको देखिन्छ । दलित लगायतका पिछडिएका विद्यार्थीलाई प्रोत्साहनको कमी, आर्थिक सहयोगको अभाव र छात्रवृत्ति वितरणमा समेत अनियमितता रहेको देखिन्छ । जातिय भेदभाव, छुवाछुत र उचनिचको भावना हटाउन सहयोग पुऱ्याउने खालका सम-सामयिक विषयवस्तु विद्यालय तहदेखि नै पाठ्यक्रममा नसमेटिनु, सचेतीकरणको शिक्षा प्रदान गर्न नसक्नु आदि कारणले गर्दा दलित जातीको शिक्षामा पहुँच वृद्धि गर्न वर्तमान शिक्षा पद्धति असफल देखिएको छ ।

## ४.८ दलित बालबालिकाको प्राथमिक शिक्षामा पहुँच सम्बन्धि समस्या समाधानका लागि गरीएका प्रयासहरु

आधारभुत शिक्षामा पहुँच पुग्न नसकेका दलित लगायतका पिछडिएका वर्गका लागी शिक्षाको अवसर बढाउन सरकारी स्तरबाट विभिन्न प्रयासहरु भईरहेका छन् तर पनि आशा गरिएको जस्तो उपलब्धि हाँसिल गर्न सकिएको छैन । दलित बालबालिकाको आधारभुत शिक्षाम पहुँच सम्बन्धि समस्या समाधान गर्न सरकारी स्तरबाट हालसम्म गरिएका प्रयासहरु यस प्रकार छन् ।

### १. दलित छात्रवृति

दलित विद्यार्थीहरुलाई दलित छात्रवृति वापत थप आर्थिक सुविधा उपलब्ध गराइएको छ । शैक्षिक क्षेत्रमा दलित जातिका बालबालिकाहरुको पहुँच पुऱ्याउन दलित छात्रवृत्ति प्रदान गरिएको छ । राष्ट्रिय दलित आयोग २०६२ को वर्गीकरणमा परेका दलित छात्रछात्राहरु पूर्वयोग्यताको योग्यता ऋमका आधारमा छात्रवृत्ति प्रदान गरिदै आएको छ ।

### २. गरिब छात्रवृत्ति

प्रत्येक सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुमध्ये आर्थिक रुपमा पिछडिएका, आर्थिक अवस्था कमजोर भएको भनी स्थानिय निकाय(गा.वि.स. ⁄ न.पा.) को सिफारिस पेश गरेको खण्डमा गरिब छात्रवृत्ति प्रदान गरिदै आएको छ ।

**३.अपाङ्ग छात्रवृत्ति**

अपाङ्गताको वर्गीकरण समेत राखि प्रमाणित गरिआएका अपाङ्ग बालबालिकाहरुलाई सहुलियत स्वरुप अपाङ्ग छात्रवृत्ति प्रदान गरिदै आएको छ ।

**४. निःशुल्क पाठ्यपुस्तक**

नेपाल सरकारले माध्यमिक तहसम्म निःशुल्क शिक्षा दिने कार्यक्रम अर्न्तर्गत हाल निशुल्क रुपमा पाठ्यपुस्तक उपलब्ध गराउदै आएको छ ।

**५. खाजा भत्ता**

आजका बालक भबिष्यका कर्णधार हुन भन्ने तथ्यलाई हृदयगंम गर्दै देशका दुर्गम क्षेत्रका पिछडिएका तथा दलित जातजातिका बालबालिकालाई विशेष खाजा भत्ताको व्यवस्था गर्दै आएको छ ।

**६. जनजाति छात्रवृत्ति**

राष्ट्रिय जनजाति महासंघको वर्गीकरणमा परेका जनजातिका बालबालिकाहरुमध्येबाट अति उपेक्षितदेखि कम उपेक्षितसम्मको प्राथमिकता क्रमको आधारमा यसप्रकारको छात्रवृत्ति प्रदान गरिदै आएको छ ।

**७. विश्व विद्यालय अनुदान तथा वित्तीय सहयोग कार्यक्रम**

विद्यालय उमेरका बालबालिकाहरु विद्यालयमा भर्ना नभई शिक्षाबाट बञ्चित हुन नपरोस भनी आधारभुत तहमा उनीहरुलाई आकृस्ट गराउन समेत सहयोग पुगोस साथै समतामुलक समाज निर्माणका लागि उनीहरुलाई राष्ट्रिय मुलधारमा समाहित गराउनका लागि उच्च शिक्षा अध्ययनका लागि नेपाल सरकारले यो व्यवस्था गरेको छ ।

**८. अन्य कार्यक्रम**

दलित लगायतका सबै निरक्षर प्रौढहरुलाई साक्षर बनाउन साक्षरता कार्यक्रमहरु, बालविकास केन्द्रहरुको स्थापना, वैकल्पिक विद्यालय कार्यक्रम, खुल्ला विद्यालय, गृहिणी शिक्षा कार्यक्रम आदि

संचालन भइरहेका छन् । यस्ता विविध कार्यक्रमबाट पिछडिएका समुदायलाई अगाीड ल्याउने प्रयास गरिएतापनिअन्य जातिकाहरुले नै बढी फाइदा लिइरहेको अवस्था छ र दलितहरुको शैक्षिक अवस्था अन्य जातिको तुलनामा पछाडि नै परिरहेको तथ्य अध्ययनबाबट देखिन्छ ।

## ४.९ दलित बालबालिकाको प्राथमिक शिक्षामा पहुँच सम्बन्धि समस्या समाधानका उपायहरु

अध्ययनको क्रममा ओखलढुङ्गा जिल्ला टोक्सेल गा.वि.स. का ५ ओटा सामुदायिक विद्यालयहरुको कक्षा (१-५) सम्म अध्ययन गर्ने दलित बालबालिकाको आधारभुत शिक्षामा पहुँचको वर्तमानस्थिति कस्तो छ ? आधारभुत शिक्षा सम्बन्धि समस्याहरु के के छन् ? कसरी समाधान गर्न सकिन्छ ? आदि विषयमा केन्द्रित रहेर अध्ययन गरिएको छ ।

अध्ययनका क्रममा दलित बालबालिकाको आधारभुत शिक्षामा न्युन सहभागिता हुनुमा मुख्यकारण कमजोर आर्थिक अवस्था, सामाजिक- सांस्कृतिक कारक, चेतनाको कमी तथा असक्षम शैक्षिक व्यवस्था आदि देखिए । यसर्थ दलित बालबालिकाहरुको आधारभुत शिक्षामा पहुँच पु¥याउन निम्नलिखित उपायहरु अवलम्बन गर्नुपर्ने अध्ययनबाट  देखिन्छ ।

### १. आर्थिक अवस्थामा सुधार

जवसम्म कथित दलित जातिलाई आर्थिक रुपमा बलियो बनाउन सकिदैन तबसम्म उनीहरुलाई आधारभुत शिक्षाको पहुँचमा ल्याउन सकिदैन । दलित विद्यार्थीहरुलाई विद्यालयमा ल्याउन तथा टिकाइराख्न आयमुलक कार्यक्रम मार्फत उनीहरुको आर्थिक अवस्थामा सुधार गर्न सहयोग पु¥याउनु पर्दछ । दलितहरुको आर्थिक अवस्था मजबुद पार्नका लागि विभिन्न कार्यक्रमहरु ल्याउनुपर्दछ । स-साना व्यवसायका लागि निर्ब्याजी कर्जा उपलब्ध गराउने, पेशागत सीप सुधारका लागि तालिमका व्यवस्था गर्ने,रोजगारीका लागि दलित आरक्षणको व्यवस्था गर्ने, उपल्लो तहमा पढ्ने सबै दलित छात्रछात्राहरुलाई छात्रवृत्ति प्रदान गर्ने आदि कार्यहरु गरी सबै एकजुट भई दलित जातिको आर्थिक अवस्थामा सुधार लयाउनु पर्दछ ।

### २. सामाजिक-सांस्कृतिक परिवर्तन गराउने

समाजमा जरो गाडेर बसेको रुढीबाढीता अन्धविश्वास, जातपात, छुवाछुत, उचनिचको भावनालाई शिक्षाको ज्योती मार्फत निर्मूल पारेर सामाजिक-सांस्कृतिक परिवर्तन गरिएको खण्डमा मात्र दलितहरुको शैक्षिक पहुँच वृद्धि गर्न सकिन्छ । भेदभावपूर्ण व्यवहार गर्नेमाथि कानुनी रुपमा कडा सजाय दिलाउने, जनचेतनामूलक विभिन्न कार्यक्रमहरु औपचारिक तथा अनौपचारिक माध्यमहरुबाट गाउँ-

गाउँसम्म पुऱ्याउने आदि कार्यहरुद्धारा सामाजिक-सांस्कृतिक जागरण ल्याउनुपर्दछ । अनिमात्र प्रत्येक दलित परिवारका बालबालिकाहरुको शैक्षिक पहुँचमा वृद्धि गराउन सकिन्छ ।

**३. दलितहरुमा चेतना फैलाउने**

सामान्यतया निरक्षर दलित अभिभावकहरुमा आफुले पाउने हक अधिकारको बोध छैन र भएतापनि त्यसलाई वास्ता नगरी शिक्षामा सहभागिता देखाउदैनन् । यसर्थ उनीहरुको शिक्षाप्रतिको सोचमा परिवर्तन गराउनु आवश्यक छ । शिक्षा व्यक्तिको आधारभुत आवश्यकता हो भन्ने धारणा जागृत गराउनु अपरिहार्य छ । आम दलित समुदायलाई अभिमुखीकरण गर्ने, सचेतीकरण गर्ने, उनीहरुको इच्छा, आवश्यकता अनुसारको कार्यक्रम संचालन गरी दलितहरुमा चेतना जागरण गराउनु पर्दछ ।

**४.पाठ्यक्रममा समसामयिक परिवर्तन**

विद्यालय तहदेखि उच्चतहसम्मका विभिन्न पाठ्यक्रमहरुमा समग्र पिछडिएका समुदायहरुको उत्थान, हकहित सम्बन्धि विषयबस्तुको समयसापेक्ष रुपमा समावेश गर्न सकिएको खण्डमा दलित जातिलाई अगाडि बढाउन सकिन्थ्यो । पाठ्यक्रममा सकेसम्म दलित विद्धानहरुको उदाहरण र जीवनीलाई समावेश गर्ने, व्यवहारिक र जीवनउपयोगी पाठ्यक्रम, व्यवसायमा प्रत्यक्ष लाभ पुऱ्याउने खालको पाठ्यक्रम लागु पर्ने देखिन्छ । यसर्थ दलित जातिका सीप र प्रविधिलाई फाइदा पुऱ्याउने खालका विषयवस्तु समावेश गरी पाठ्यक्रममा परिमार्जन तथा संशोधन गरिनुपर्दछ ।

**५ दलित विद्यार्थीलाई प्रोत्साहन**

शैक्षिक संस्थामा भर्ना हुने दलित विद्यार्थीहरुलाई त्यस शैक्षिक संस्थाले प्रोत्साहन प्रदान गर्नुपर्दछ उत्कृष्ट हुने, राम्रो नतिजा प्राप्त गर्ने, बढी उपस्थिति हुने लगायतका विभिन्न शैक्षिक कार्यक्रममा राम्रो स्थान प्राप्त गर्ने दलित विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप विशेष व्यवस्था गर्नुपर्दछ ।

**६. दलित शिक्षकको व्यवस्था**

दलित विद्यार्थीहरुलाई हौसला प्रदान गर्न प्रत्येक विद्यालयमा कम्तिमा एक महिला शिक्षिकाको व्यवस्था गर्नुपर्ने हुन्छ । यसो गरिएको खण्डमा दलित बालबालिकाहरुको इच्छा, चाहाना र आवश्यकताको वास्तविकता पहिचान गरि शैक्षिक पहुँचमा वृद्धि गराउन सकिन्छ ।

**७. अन्य विविध व्यवस्था गर्ने**

दलित छात्राहरुको शैक्षिक पहुँच वृद्धि गर्न अन्य विविध व्यवस्था गर्न सकिएको खण्डमा आशा गरिएको सफलता प्राप्त गर्न सकिन्छ । जस्तैः- योग्यता र दक्षता भएका दलितलाई रोजगारको विशेष व्यवस्था, विशेष तालिमको व्यवस्था शिक्षक अभिभावक अर्न्तक्रिया, आदि कार्यक्रमहरुबाट पनि दलित बालबालिकाको आधारभुत शिक्षामा पहुँच वृद्धि गर्न सकिन्छ ।

# परिच्छेद- पाँच

## प्राप्ति, निष्कर्ष तथा सुझावहरू

ओखलढुङ्गा जिल्लाभित्र पर्ने ५६ वटा गा.वि.स.हरु मध्ये टोक्सेल गा.वि.स.लाई अध्ययनको केन्द्रविन्दु मानी यहाँ ५ वटा सामुदायिक विद्यालयमा अध्ययन गर्ने (कक्षा १-५) का दलित वालवालिकाको प्राथमिक शिक्षामा पहुँच कस्तो छ? उनीहरु विद्यालयमा कम उपस्थिति हुने कारणहरु र उनीहरुको पहुँच बढाउने उपायहरु पहिल्याउने सन्दर्भमा यो शोधकर्ताले प्राप्त गरेको तथ्याङ्क तथा सूचनाहरुको ब्याख्या, विश्लेषणबाट प्राप्त प्राप्ति, निष्कर्ष र सुझावहरुको बुँदागत प्रस्तुती तल उल्लेख गरिएको छ ।

**५.१ प्राप्तिः-**

१. अध्ययन क्षेत्रमा छात्रछात्रामध्ये छात्रको भन्दा छात्राको संख्या १ ले कमी छ । जसमा दलित तर्फ ६० जना र गैर दलित तर्फ ३७१ गरि जम्मा ४३१ जना बालवालिकाहरु अध्ययन क्षेत्रका विद्यालयमा शैक्षिक सत्र ०६७ मा प्रवेश गरेको पाइयो ।

२. दलित बालबालिकाहरु मध्ये २३ जना छात्रा र ३७ जना छात्र रहेको पाइयो ।

३. गैर दलित तर्फ ३७१ मध्ये १७९ जना छात्र र १९२ जना छात्रा रहेको पाइयो । जुन गैर दलित तर्फ १३ जना छात्राको संख्या बढी छ ।

४. दलित तर्फ ६० जना मध्ये ४३ जना (७२%) उत्तीर्ण भएका छन भने ११ जना (१८%) ले कक्षा दोहोर्‍याए र ६ जना (१०%) ले बिचैमा कक्षा छोडेको प्राप्त तथ्याङ्कले देखाउँछ ।

५. गैरदलित तर्फ ३७१ मा २९३ जना (७९%) ले कक्षा उत्तीर्ण गरेभने ४० जना (११%) र ३८ जना ( १०%) ले क्रमश कक्षा दोहोर्‍याएका र बिचैमा कक्षा छोडेको पाइयो ।

६. दलित तर्फ ४३ जना उत्तीर्ण मध्ये २५ जना छात्र र १८ जना छात्रा छन । कक्षा दोहोऱ्याउने ११ जनामा ८ जना छात्र र ३ जना छात्रा छन् भने बिचैमा कक्षा छाडने ६ जना मध्ये ४ जना छात्र र २ जना छात्रा छन् ।

७. गैर दलित तर्फ उत्तीर्ण भएका २९३ मध्ये छात्र १४३ (३८.५४) जना र  छात्रातर्फ १५० जना ( ४०.४३%) उत्तीर्ण भएका छन । यसैगरि ४० जना (१०.७८%) कक्षा दोहोऱ्याउनेमा र १९ जना छात्र र २१ जना छात्रा छन भने बाँकी ३८ जनामा (१०.२४%) १७ जना छात्र र २१ जना छात्रा कक्षा छोडनेमा रहेको पाइयो ।

८. दलित तर्फ छात्राको उत्तीर्ण हुने संख्या कम छ भने कक्षा दोहोऱ्याउने र कक्षा छोडनेमा छात्रको संख्या बढी देखिन्छ ।

९. गैर दलित तर्फ उत्तीर्ण हुनेमा छात्राको संख्या बढी भएता पनि कक्षा छोडने र दोहोऱ्याउनेको संख्या पनि छात्राको नै बढी पाइयो ।

१०. अवलोकन गरिएको दिनको विद्यार्थी उपस्थितिमा दलित तर्फ ६० जनामा ४५ जना (७५%) र गैर दलित तर्फ ३७१ जनामा ३३५ जना (९०%) उपस्थिति पाइएको थियो ।

११. दलित तर्फ कक्षा ३ मा कक्षा छोडनेको संख्या नरहेको पाइयो ।

१२. अध्ययन क्षेत्रका श्री कालिका प्रा.वि. भालुखोलामा सबैभन्दा कम छात्र, छात्रा थिए जहा ४१ जना मध्ये ४ जना दलित बालबालिकामा सबै उत्तीर्ण भएको पाइयो ।

१३. अध्ययन क्षेत्रका श्री शिबदुती नि.मा.वि. राधवपुरमा सबैभन्दा बढी छात्र छात्रा (दलित १५ जना र गैर दलित १२० जना) गरि १३५ मध्ये दलित तर्फ १२ जना र गैर दलित तर्फ ९९ जना गरि जम्मा १११ जना (८२.२२%) उत्तीर्ण भएको पाइयो ।

१४. अध्ययन क्षेत्रको सम्पूर्ण छात्र छात्राको संख्या ४३१ मध्ये ३३६ (७७.९५%) उत्तीर्ण भए भने ५१ जना (११.८३%) र ४४ जना (१०.२०%) ले क्रमश कक्षा दोहोऱ्याउने र विचैमा कक्षा छोडको पाइयो ।

१५. गैर दलितको तुलनामा दलितहरु विद्यालयमा न्यून सहभागि हुनमा बाधाका कारणहरुमा गरिबीको कारणले, आर्थिक समस्याको कारणले, अभिभावकहरुमा शैक्षिक शिक्षाबाट तुरुन्त प्रतिफल नपाइने हुनाले, घरको बातावरण शिक्षाको दृष्टिकोणले प्रतिकुल हुनु, अरु पेशामा आकर्षित हुनु, परम्परावादी र रुढीवादी संस्कार विद्यमान हुनु, दलित स्वयमले आफुलाई तल्लो वर्गको ठान्नु जस्ता कुराहरुको रहेको देखियो ।

१६. गैरदलित बालबालिका विद्यालयमा नियमितता हुनेमा बस्ती बाक्लो भएर, आर्थिक अवस्था राम्रो भएर, जनचेतनाको प्रभावले भन्ने पाइयो ।

१७. दलित बालबालिकाको पहुँच बढाउन सबै शिक्षक, प्र.अ. बाट छात्रावृत्ति प्रदान गर्नुपर्ने, दलित र गैरदलितलाई समान व्यवहार गर्नुपर्ने, शैक्षिक चेतना प्रदान गर्नुपर्ने, आयआर्जनका भिन्न अवसरहरु उपलब्ध हुनुपर्ने, घरदैलो कार्यक्रम, पठायपुस्तक समयमानै निःशुल्क वितरण, साक्षरता कार्यक्रम, दलित जातिको कार्यकर्तालाई तालिम दिएर जनचेतना जगाउने काम गर्नुपर्छ भन्ने पाइयो ।

## ५.२ निष्कर्ष

"दलित बालबालिकाको प्राथमिक शिक्षामा पहुँच" शीर्षकमा गरिएको यस अनुसन्धानबाट निम्नअनुसारको निष्कर्षहरु निकालिएको छ ।

विभिन्न विशेष कार्यक्रम तथा प्रयासहरुका बाबजुद पनि अन्य जातिको तुलनामा दलित जातका विद्यार्थीहरुको आधारभूत तहमा पहुँच अझै कम रहेको पाइयो । कमजोर आर्थिक अवस्था, सामाजिक भेदभाव, कुसंस्कार, चेतनाको कमी आदि कारणहरुले दलित जातका बालबालिकाको शिक्षाको पहुँचमा अवरोध खडा गरेको देखिन्छ ।

समाजमा सामाजिक समानता कायम गर्न राज्यको नीति निर्माणको तहमा दलितहरुको प्रतिनिधित्व गराई उनीहरुकै सहभागितामा उनीहरुकै इच्छा, आवश्यकता, रुचि तथा माग अनुसारको शैक्षिक कार्यक्रमको विकास गर्नु पर्ने देखिन्छ ।

वर्तमान शैक्षिक पद्धतिले शैक्षिक बेरोजगारको उत्पादन बढी गरिरहेको हुनाले शिक्षालाई सैद्धान्तिक भन्दा पनि व्यवहारिक र जीवनउपयोगी बनाउनु पर्ने देखिन्छ । यसो गर्दा दलित लगायत

अन्य सबै जातजातिको शिक्षा प्रतिको नकारात्मक सोचमा परिवर्तन भई शिक्षामा सबैको पहुँच पुऱ्याउन सकिन्छ ।

दलितहरुको शैक्षिक पहुँचमा बृद्धि गर्न विभिन्न चेतनामूलक कार्यक्रम गाउँ गाउँ सम्म फैलाउने, आयमूलक कार्यक्रमहरु मार्फत उनीहरुको जीवनस्तर माथि उकास्न सहयोग पुऱ्याउने आदी कार्यहरु गर्न आवश्यक देखिन्छ ।

दलित जातिका बालबालिकालाई अघि बढाउन उनीहरुमा हीनताबोध र आफूलाई कमजोर सम्झने मनौबैज्ञानिक पद्धतिलाई अन्त्य गरी उपयुक्त वातावरणको सृजना गर्नुपर्ने देखिन्छ ।

दलितहरुलाई सचेतीकरणको शिक्षाद्धारा चेतना जागरण गराई, नारामा मात्र सिमित नगराई बास्तविक रुपमा शैक्षिक मूलधारमा ल्याउनु पर्ने देखिन्छ । प्रत्येक शैक्षिक संस्थामा भर्ना भएका सम्पूर्ण दलित छात्रछात्राहरुलाई निरन्तर प्रेरणा, प्रोत्साहन, हौसलाका साथै उनीहरुको व्यक्तिगत रुची, इच्छा, चाहना र आवश्यकतालाई बुझि सोही बमोजिम शैक्षिक क्रियाकलाप संचालन गर्नुपर्ने देखिन्छ । दलित बालबालीकाको मनोविज्ञान बुझी उचित वातावरण मिलाइदिनुपर्ने देखिन्छ ।

## ५.३ सुझावहरु

शोधपत्र तयारीका क्रममा गरिएको अध्ययन, अनुसन्धान तथा खोजका आधारमा दलित बालबालिकाको प्राथमिक शिक्षामा पहुँच पुऱ्याउन निम्नअनुसारका सुझावहरु प्रस्तुत गरिएको छ ।

१. विभिन्न खोजमुल्क कार्यक्रमद्धारा दलितहरुको वास्तविकता पत्ता लगाई उनीहरुलाई प्रत्यक्ष सहभागी गराउँदै उनीहरुकै सहभागितामा आर्थिक सुधारका कार्यक्रमहरु लागु गर्नुपर्दछ ।

२. सबै दलितहरुलाई पर्याप्तमात्रामा छात्रवृत्तिको व्यवस्था गर्नुपर्दछ । ताकी उनीहरु नियमित रुपमा विद्यालय जान सकुन ।

३. सचेतनामुलक शिक्षा मार्फत दलित अभिभावकमा शैक्षिक जागरण ल्याउनुपर्दछ । जसले गर्दा उनीहरुमा शिक्षाको पहुँच बृद्धि भई आफ्ना बालबालिकालाई विद्यालय पठाउन सक्षम हुन्छन् ।

४. दलितहरुको परम्परागत सीप र क्षमतालाई पाठयक्रममा महत्व दिनुपर्दछ ।

५. देशको प्रशासनिक तहहरुमा दलितहरुको प्रतिनिधित्व गराउन सकेमा आफ्ना सन्ततिलाई विद्यालय नियमित रुपमा पढन, लेख्न, पठाउन सक्षम हुन्छन् ।

६. प्रत्येक शैक्षिक संस्थामा दलित शिक्षकको व्यवस्था गरी दलितहरुलाई प्रोत्साहन गरिनुपर्छ । जसले गर्दा दलित जातका बालबालिकामा पनि आफु पढीलेखी समाजसेवा गर्ने इच्छा जाग्दछ तव उनीहरु नियमित रुपमा पढन सक्छन् ।

७. सामाजिक भेदभाव निर्भूल गर्ने कानुनलाई कडाइका साथ कार्यन्वयन गरिनुपर्दछ । जसले गर्दा दलित बालबालिकाहरुमा जातपात, छुवाछुतको प्रभाव नरहोस सबै मानिस एउटै र एकै हो भन्ने धारणा दिन सक्नुपर्छ ।

८. दलित छात्रवृत्तिको कोटा वृद्धि गरी सम्पूर्ण दलित विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनुपर्दछ साथै छात्रवृत्ति रकममा वृद्धि गरि नियम अनुसार वितरण भए नभएको अनुगमन गरिनुपर्दछ ।

९. माथिल्लो शिक्षालाई बढी व्यवसायिक, रोजगारमुलक र जीवनउपयोगी बनाइनुपर्दछ । ताकि दलित जातका बालबालिका पनि गैर दलित सरह उपल्लो शिक्षा प्राप्त गर्न सक्षम बनुन् ।

१०. दलित विद्धानहरुका उदाहरणीय जीवनी तथा योगदानहरु पाठयक्रममा समावेश गरिनुपर्दछ ।

११. दलित जात भित्रैमा पनि दलित छात्रछात्राहरुलाई विशेष सुविधा दिइनुपर्छ ।

१२. मानव अधिकारको रुपमा रहेको आधारभूत शिक्षा सामाजिक न्याय, लैङ्गीक समानता, नागरिकले पाउनुपर्ने अधिकार, आदि कुरामा सचेतना जागृत गराउनु पर्दछ ।

१३. समाजमा रहेको रुढीवादीता, कुसंस्कार, आदिलाई जरैबाट हटाउन आधारभूत शिक्षा अनिवार्य गरिनुपर्छ ।

१४. सरकारी तथा गैरसरकारी संस्था, व्यक्ति विशेष सबैले दलित जातको उत्थानका लागि एकजुट हुनुपर्दछ । आदि ।

## सन्दर्भ सामग्री


उपेप्रेती, टेकनाथ (२०६३) *दलित जातिका शैक्षिक अवस्था र शिक्षामा पहुँचः एक अध्ययन,* (अप्रकाशित सोधपत्र), काठमांडौ, महेन्द्ररत्न क्याम्पस ताहाचल ।

कोइराला, विद्यानाथ (२०५६) दलित *महिलाको शैक्षिक अवस्था र सुधारका उपायहरु ।*

कोइराला विद्यानाथ (२०५९), *बदलिदो परिवेशमा दलितको शैक्षिक गन्तब्य,* स्मारिका राष्ट्रिय दलित आयोग ।

कार्की, डा. ज्ञानबहादुर (२०६८) *हिन्दु वर्णव्यवस्था र छुवाछुछ प्रथा* । एशिया पब्लिकेसन्स प्रा.लि., काठमाडौं ।

खत्री, नन्दकुमारी (२०६५) *कैलाली जिल्लाका थारु मुक्त कमैया बालबालिकाहरुको शैक्षिक अवस्थाः एक अध्ययन,* (अप्रकाशित शोधपत्र), काठमाडौँ, महन्द्ररत्न क्याम्पस ।

गौतम, भास्कर, अधिकारी, जगन्नाथ बस्नेत, पूर्ण (२०६१) *नेपालमा गरिबीको बहस,* मार्टिन चौतारी, थापाथली, काठमाडौँ ।

दशौँ योजना- राष्ट्रिय योजना आयोग, काठमाडौँ ।

नेपालमा दलित समुदायको स्थिति, (२०६०) काठमाडौँ, राष्ट्रिय दलित अयोग ।

पाण्डेय, मधुसुदन (२०६२) *नेपालका दलितहरु,* काठमाडौँ, पैरवी प्रकाशन ।

पिछडिएको समूहको शिक्षाप्रति पहुँचः (२०५९-६०) भक्तपुर शिक्षा तथा खेलकुद मन्त्रालय,
शिक्षा विभाग, सानोठिमी ।

विश्वकर्मा, चक्रमान (२०५४) *विद्यालय र उपेक्षित समुदायः विकासको निम्ति शिक्षा,* काठमाडौँ, शिक्षा
विकास तथा अनुसन्धान केन्द्र ।

*बिकासको निम्ति शिक्षा,* काठमाडौँ, महेन्द्ररत्न क्याम्पस ताहाचल

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०२८-३२) *राष्ट्रिय शिक्षा पद्धतिको योजना,* काठमाडौँ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९, राष्ट्रिय शिक्षा आयोग, काठमाडौँ ।

वाग्ले, डा. मनप्रसाद र उपेन्द्रबहादुर कार्की (२०५१) *शिक्षाका आधारहरु,* भोटाहिटी, काठमाडौँ,
विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, जनकलाल (२०५८ *हाम्रो समाजः एक अध्ययन,* काठमाडौँ, साझा प्रकाशन ।

शर्मा एण्ड शर्मा (२०६६) *शिक्षाका आधारहरु,* भोटाहिटी, काठमाडौँ ।

शर्मा, रमाकान्त, (२०५७) *दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धिको अध्ययनः* (अप्रकाशित शोधपत्र),
काठमाडौँ, त्रि.वि. क्याम्पस, कीर्तिपुर ।

CERID (1997) *Social Assessment of Educationally Disadvantaged Children*, A study.
Kathmandu, Author

Khanal Peshal (2062), *Educational Research Methodology* , Kirtipur, Sunlight Publications.

MOE's (2007) *Education for all,* Mid decade Assessment National Report,
Kathamandu, "Ministry of Education of Sport"

**दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच**

**नमुना छनौट गरिएका विद्यालयहरु**

**अनुसूची १**

| क्र.सं. | विद्यालयको नाम |
|---|---|
| १. | श्री हर्कपुर उ.मा.वि., टोक्सेल-२, ओखलढुङ्गा |
| २. | श्री शिवदुती नि.मा.वि. राघवपुर, टोक्सेल-७, ओखलढुङ्गा |
| ३. | श्री स्वर्णान्तराल नि.मा.वि., टोक्सेल-३, ओखलढुङ्गा |
| ४. | श्री शहिद स्मृति प्रा.वि. सातसल्ले, टोक्सेल ४ |
| ५. | श्री कालिका प्रा.वि., भालुखोला |

**दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच**

**अनुसूची-२**

**अध्ययन क्षेत्रका विद्यालयको दलित तथा गैर दलित छात्रछात्राहरुको विवरण**

| क्र.सं. | सेवाक्षेत्र विद्यालय | दलित | | | गैरदलित | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १. | श्री हर्कपुर उ.मा.वि. हर्कपुर | ६ | ४ | १० | ३७ | ४१ | ७८ |
| २. | श्री शिवदुती नि.मा.वि. राघवपुर | ७ | ८ | १५ | ६८ | ५२ | १२० |
| ३. | श्री स्वर्णान्तराल नि.मा.वि. टोक्सेल | ५ | २ | ७ | ४१ | ५९ | १०० |
| ४. | श्री शहिद स्मृति प्रा.वि. सातसल्ले, टोक्सेल ४ | १६ | ८ | २४ | १९ | १७ | ३६ |
| ५. | श्री कालिका प्रा.वि., भालुखोला | ३ | १ | ४ | २२ | १५ | ३७ |

## दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच

### अनुसूची ३

### समग्र कक्षागत रुपमा कक्षा दोहोऱ्याउने दर र प्रतिशत विवरण

| कक्षा | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| दलित | ३ | २ | २ | ३ | १ | ११ |
| गैरदलित | ९ | १० | ८ | ८ | ५ | ४० |

## दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच

### अनुसूची ४

### समग्रमा कक्षागत रुपमा कक्षा छाडने दर र प्रतिशत विवरण

| कक्षा | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| दलित | २ | १ | १ | २ | - | ६ |
| गैरदलित | ७ | ९ | ८ | ७ | ७ | ३८ |

## दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच

## अनुसूची-५

अध्ययन क्षेत्रका प्र.अ. तथा शिक्षकहरुसँग अन्तर्वाता सञ्चालन गर्दा सोधिएका प्रश्नहरु

शिक्षकको नामः-

विद्यालयः-

शैक्षिक योग्यताः-

१. यस विद्यालयमा विद्यार्थीहरु कुन-कुन जातिका छन?

२. विशेष गरी कुन जातिको भर्नादर उच्च र कुन जातिको भर्नादर न्यून छ?

३. दलित तथा पिछडिएका समुदायको जनसंख्या यस विद्यालयमा कति प्रतिशत छ?

४.उनीहरुको शैक्षिक उपलब्धि कस्तो छ?

५. विद्यार्थी भर्ना कार्यक्रम, शिक्षण सिकार्य क्रियाकलापमा जातिय विभेदले असर पारेको छ कि छैन?

६. दलित बालबालिकाहरुलाई अन्य जातका बालबालिकाहरुले कस्तो व्यवहार गरेको पाउनुभएको छ?

७. दलितहरुको समग्रमा शैक्षिक अवस्थ कस्तो पाउनु भएको छ?

८. कथित दलित जात भित्र पनि छात्राहरुको साक्षरताको अवस्था कस्तो छ?

९. दलित छात्र र छात्रा मध्ये यस विद्यालय बढी को छन? उनिहरुमा आधारभूत शिक्षाको पहुँच पुऱ्याउन के गर्नुपर्ला ?

१०. दलित बालबालिकालाई आधारभूत शिक्षाको पहुँच पुऱ्याउन विद्यालय, समुदाय तथा राष्ट्रले के कस्ता कदमहरु चाल्नु आवश्कय छ?

११. दलित तथा पिछडिएका समुदायका लागि तपाइको विद्यालयमा के कस्तो व्यवस्था छ ?

१२. तपाईलाई दलित बालबालिकाको शैक्षिक अवरोध  के हुन जस्तो लाग्छ?

## दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच

## अनुसूचि-६

दलित विद्यार्थीहरुका लागि प्रश्नावली:-

विद्यार्थीको नाम:-

विद्यालयको नाम:-

कक्षा:-

१. तिम्रो परिवारमा को को हुनुहुन्छ?

२. परिवारमा कस्ले कति-कति पढेका छन?

३. आमाबाबुले के पेशा अपनाउनु भएको छ?

४. विद्यालयमा तिमीलाई अन्य साथी भाईले कस्तो व्यवहार गर्दछन?

५. के तिमीले छोएको सबै साथीहरुको खान्छन?

६. शिक्षक शिक्षिकाहरुले तिमीलाई कस्तो व्यवहार गर्नुहुन्छ?

७. विद्यालयले तिमीलाई कुनै त्यस्तो अन्य साथीभाई प्रदान नगरिएको सेवा सुविधा दिइएको छ?

८. तिम्रो कक्षामा तिम्रो जातका कति विद्यार्थीहरु छन ?

९. समाजमा  तिम्रो घर परिवारप्रति अन्य जातजातिले कस्तो व्यवहार गर्दछन ?

१०. तिमीलाई सार्वजनिक कुनै त्यस्तो स्थानमा जाँदा कसैले अपहेलित तथा दुर्व्यवहार गरेका छन ?

११. तिम्रो विचारमा दलित समुदायमा शिक्षित व्यक्ति ज्यादै कम हुन्छन किन होला?

१२. घरमा पढने अवसर प्राप्त हुन्छ ?

१३. दलित बालबालिकालाई विद्यालयले के गरेको खण्डमा सहभागिता दर वृद्धि गर्न सकिन्छ ?

१४. तिम्रो विद्यालयमा तिमीलाई शिक्षा प्राप्त गर्न कुन कुराले अवरोध खडा गरेको छ?

१५. विद्यालयमा तथा समाजमा के गर्दा आफ्नो समुदायको हित हुन्छ जस्तो लाग्छ ?

१६. आफु दलित भएको कारणले राज्यबाट प्रदान गरिएको कुन कुन सेवा सुविधाबाट विमुख भएको जस्तो लाग्छ ?

१७. तिम्रो विद्यालयमा दलित जातिका शिक्षक शिक्षिका छन? छन भने कति जना छन् ।

## दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच

## अनुसूची-७

दलित अभिभावकका लागि प्रश्नावलीः-

अभिभावकको नामः-

ठेगानाः-

पेशाः-

शैक्षिक योग्यताः

पारीवारिक संख्या

१. तपाईका बालबच्चा कति जना छन?

२. विद्यालयले के कस्तो सहयोग पुऱ्याएको छ त?

३. किन दलित जातिहरु पिछडिएको हुन जस्तो लाग्छ?

४. तपाईहरुले छोएको सबैले खान्छन्?

५. तपाईको बच्चाले कहिले छात्रवृत्तिमा पढने अवसर पाएको छ कि छैन?

६. तपाईले आफ्ना बालबच्चा सबैलाई स्कुल पठाउनु भएको छ?

७. विद्यालयका शिक्षक शिक्षिकाहरुसँग तपाइको भेटभाट हुन्छ कि हुँदैन?

८. वहाँहरुले भेदभाव गर्नुहुन्छ कि हुन्न ?

९. समाजमा तपाइको परिवारमा अन्य जातकोले कस्तो व्यवहार गर्छन?

१०. के कारणले गर्दा दलित महिलाहरुको अवस्था नाजुक भएको जस्तो लाग्छ?

११. के कस्तो वातावरण सृजना गर्दा दलित समुदाय तथा दलित बालबालिकाहरुमा शैक्षिक पहुँच पुऱ्याउन सकिन्छ?

१२. तपाईका बालबालिकाले विचैमा कक्षा छोडेका छन कि छैनन्? छन भने के कारणले छोडेका हुन्?

१३. तपाई आफु दलित भएकोमा कस्तो लाग्छ ? तपाई माथि दलित भएकोमा कुनै त्यस्तो व्यवहार भएको छ?

१४. दलित बालबालिकाहरुको आधारभूत शिक्षा सम्म पहुँच पुऱ्याउन गरिएका त्यस्तो कुनै प्रयास बारे थाहा छ ?

१५. दलित परिवारका बालबालिकाहरु नियमित विद्यालय जान नसक्नुका कारणहरु के के हुन सक्छन ?

१६. दलित बालबालिकाको हितका लागि प्रत्येक शैक्षिक संस्थामा कस्तो सुविधा हुनुपर्छ जस्तो लाग्छ ?

१७. राष्ट्रले, समाजले तथा शैक्षिक संस्थाले कस्तो सुविधा प्रदान गर्दा समग्र दलित बालबालिकालाई शिक्षामा पहुँच पुऱ्याउन सकिन्छ जस्तो लाग्छ ?

१८. दलित बालबालिकालाई आधारभूत शिक्षा सम्मको शिक्षा प्रदान गर्न राष्ट्रले के गर्नुपर्छ जस्तो लाग्छ ?

१९. अधिकाशं दलितहरु शिक्षाको अवसरबाट किन बन्चित भएका होलान्?

२०. अन्य जातका मानिसले पाएको सुविधा र आफुहरुले पाएको सुविधामा भेदभाव छ कि छैन?

## दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच

## अनुसूची-८

## नमुना छनौटमा परेका प्र.अ./ शिक्षकको नामावली

| क.सं | नाम | विद्यालयको नाम |
|---|---|---|
| १. | ठाकुरनाथ अधिकारी (प्र.अ) | श्री हर्कपुर उ.मा.वि., हर्कपुर, टोक्सेल २, ओखलढुङ्गा |
| २. | मयानाथ दाहाल (शिक्षक) | श्री हर्कपुर उ.मा.वि., हर्कपुर, टोक्सेल २, ओखलढुङ्गा |
| ३. | कृष्णप्रसाद वास्तोला (प्र.अ.) | श्री शिवदुती नि.मा.वि. राघवपुर, टोक्सेल ७, ओखलढुङ्गा |
| ४. | कुसुम धमला (बास्तोला) शिक्षक | श्री शिवदुती नि.मा.वि. राघवपुर, टोक्सेल ७, ओखलढुङ्गा |
| ५. | होमप्रसाद दाहाल (प्र.अ.) | श्री स्वर्णान्तराल नि.मा.वि. टोक्सेल ३, ओखलढुङ्गा |
| ६. | विमलादेवी गौतम (धमला) शिक्षक | श्री स्वर्णान्तराल नि.मा.वि. टोक्सेल ३, ओखलढुङ्गा |
| ७. | टिकाराम ढुङ्गाना प्र.अ. | श्री शहिद स्मृति प्रा.वि. सातसल्ले |
| ८. | टेकप्रसाद बास्तोला शिक्षक | श्री शहिद स्मृति प्रा.वि. सातसल्ले |
| ९. | धनबहादुर राई प.अ. | श्री कालिका प्रा.वि. भालुखोला |
| १०. | कुन्ता धमला (गौतम) शिक्षक | श्री कालिका प्रा.वि. भालुखोला |

## दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच

## अनुसूचि-९

## नमूना छनौटमा परेका दलित अभिभावकको नामावली

| क्र.सं | नाम | ठेगाना |
|---|---|---|
| १. | तुलाराम कामी | टोक्सेल ६, ओखलढुङ्गा |
| २. | अम्बरबहादुर कामी | टोक्सेल ६, ओखलढुङ्गा |
| ३. | कुमार सार्की | टोक्सेल ८, ओखलढुङ्गा |
| ४. | खड्गबहादुर सार्की | टोक्सेल ८, ओखलढुङ्गा |
| ५. | चन्द्रबहादुर वि.क. | टोक्सेल २, ओखलढुङ्गा |
| ६. | यमबहादुर दमाई | टोक्सेल ३, ओखलढुङ्गा |
| ७. | मनबहादुर दर्जी | टोक्सेल २, ओखलढुङ्गा |
| ८ | प्रेमबहादुर कामी | टोक्सेल ४, ओखलढुङ्गा |
| ९. | सुरेश कामी | टोक्सेल ४, ओखलढुङ्गा |
| १०. | खडगबहादुर कामी | टोक्सेल २, ओखलढुङ्गा |

| | | |
|---|---|---|
| ११. | मानबहादुर नेपाली | टोक्सेल २, ओखलढुङ्गा |
| १२. | गंगाबहादुर दर्जी | टोक्सेल ३, ओखलढुङ्गा |
| १३. | फुर्तिमान कामी | टोक्सेल ४, ओखलढुङ्गा |
| १४. | अम्बिका विश्वकर्मा | टोक्सेल ४, ओखलढुङ्गा |
| १५. | इन्द्रबहादुर कामी | टोक्सेल ४, ओखलढुङ्गा |
| १६. | प्रेमबहादुर दर्जी | टोक्सेल ४, ओखलढुङ्गा |
| १७. | बीरबहादुर दर्जी | टोक्सेल ६, ओखलढुङ्गा |
| १८. | मानबहादुर सार्की | टोक्सेल ६, ओखलढुङ्गा |
| १९. | बीरमाया दर्जी | टोक्सेल ६, ओखलढुङ्गा |
| २०. | रेवतबहादुर दर्जी | टोक्सेल ६, ओखलढुङ्गा |

**श्री हर्कपुर उच्च माध्यमिक विद्यालय, हर्कपुरटार**

टोक्सेल-२, ओखलढुंगा

स्थापित:-२०३१

कोड नं: १२०५३०००७

सगरमाथा अञ्चल

पत्र संख्या:- ०६८/०६९

चलानी नम्बर:- १५

मिति २०६८/८/२९

**विषय:-** जो जस सँग सम्बन्ध राख्दछ।

उपरोक्त सम्बन्धमा श्री जनता बहुमुखी क्याम्पस-इटहरी सुनसरीमा एम. एड दोस्रो वर्षमा अध्ययनरत छात्र श्री नारायण प्रसाद कार्कीले यस विद्यालयमा आइ शोधपत्र विषयको आंशिक आवश्यकता परिपूर्तिका लागी आवश्यक तथ्य तथ्याङ्क लिई जानु भएको व्यहोरा प्रमाणित गरीन्छ।

ठाकुर नाथ अधिकारी

प्रधानाध्यापक

# श्री शिवदूती निम्न माध्यमिक विद्यालय, राघवपुर
## SHREE SHIVADUTI LOWER SECONDARY SCHOOL, RAGHABAPUR

टोक्सेल-७, ओखलढुङ्गा
Toksel-7, Okhaldhunga
स्थापित : २०२३
Estd.: 2023

पत्र संख्या : ०६८।६९
चलानी नम्बर : २९
बि.को.नं. ०१२०५३०००६

सगरमाथा अञ्चल
मिति : ०६८।८।२८

**विषय** : यो जो सँग सम्बन्धित छ।

महोदय,

प्रस्तुत विषयमा जनता बहुमुखी क्याम्पस इटहरी सुनसरीमा एम. एड. दोश्रो वर्ष अध्ययनरत छात्र नारायण प्रसाद बास्तोलाले शोधपत्र विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि यस विद्यालयमा आई आवश्यक तथ्य तथ्याङ्क लिई जानु भएको व्यहोरा प्रमाणित गरिन्छ।

(कृष्ण प्रसाद बास्तोला)
प्रधानाध्यापक

# श्री स्वर्णान्तराल निम्न माध्यमिक विद्यालय

टोक्सेल-४, ओखलढुंगा

स्थापित-२०११

पत्र संख्या:-

चलानी नम्बर -

सगरमाथा अञ्चल

मिति २०६८।१।१

**विषय** :- श्री भारतसँग सम्बन्धित छ।

प्रस्तुत विषयमा जनता बहुमुखी क्याम्पस खाँदबारी संखुवासभामा एम.एड. दोस्रो वर्ष अध्ययनरत छात्र नारायण प्रसाद बास्तोलाले यस विद्यालयमा उनाई आवश्यक तथ्य तथ्याङ्क लिई आउनु भएको व्यहोरा प्रमाणित गरिन्छ।

प्र.अ. (सोमप्रसाद दाहाल)